# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक २७० काठमाडौं शनिबार, १२ माघ २०८१ Prabhab National Daily Saturday, January 25, 2025 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


## शिद्वबाबा सुरूङ मार्गको 'ब्रेक थ्रु'





सुरूङमार्ग ब्रेक थ्रु हुनु सिंगै देशका लागि खुसीको कुरा हो । अब नेपाल हिजोझैं दुर्गम भन्ने रहेन । मुलुकमा शीघ्र विकास र सुशासन दिन अहिलेको समयमा हामी अरूको पनि सहयोग लिन्छौं र हामी बनाउँछौं देश ।

**केपी शर्मा ओली**
**प्रधानमन्त्री**

**दामोदर खनाल**

बुटवल- सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-पाल्पा सडकखण्डको सिद्धबाबा क्षेत्रमा निर्माण गरिएको सिद्धबाबा सुरुङमार्ग 'ब्रेक थ्रु' (छिचोलिएको) गरिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार 'भर्चुअल' माध्यमबाट उक्त सुरुङमार्गको ब्रेक थ्रु गरेका हुन् ।

प्रधानमन्त्री ओलीको विशेष उपस्थितिमा उक्त सुरुङमार्गको ब्रेक थ्रु गर्ने कार्यक्रम भए पनि स्वास्थ्य प्रतिकूलताका कारण प्रधानमन्त्रीनिवास बालुवाटारबाट 'भर्चुअल' माध्यममार्फत उनी उक्त कार्यक्रममा सहभागी भएका थिए ।

क्रमशः पृष्ठ २ मा

### यसरी सुरू भयो सुरुङमार्ग

सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्म अत्यधिक पहिरो झर्ने क्षेत्र पर्छ । सुक्खायाममा पनि धुले पहिरो खस्ने गरेकाले राजमार्गको यस खण्डलाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो ।


आयोजनाका योजना प्रमुख कृष्णराज अधिकारीका अनुसार यो सुरुङमार्गका लागि २०७७ सालमा मन्त्रिपरिषद् बैठकले बजेट विनियोजन गरेसँगै २०७८ साल जेठ ९ मा सडक विभागले अन्तर्राष्ट्रिय रूपमा बोलपत्र आह्वान गरी सुरुङमार्ग निर्माणको ठेक्का लगाएको थियो । सुरुङभित्र केही समस्या आए निस्कन मिल्नेगरी तीनवटा बाइपास बनाइएको छ । तेस्रो र पहिलो बाइपासको 'ब्रेक थ्रु' भदौ तथा असोजमा भएकामा दोस्रो बाइपासको ब्रेक थ्रु गत पुस ७ गते भएको हो । यहाँ पहिलो बाइपासको लम्बाइ १५१ मिटर, दोस्रोको लम्बाइ १६१ मिटर र तेस्रोको १३० मिटर छ । पहिलो बाइपास माथिल्लो सिद्धबाबा मन्दिरतर्फको र तेस्रो बाइपास दोभान डचाम साइडतर्फको हो । सुरूङमार्ग पाँच वर्षमा सक्नेगरी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले सात अर्ब ३४ करोड २१ लाख ४० हजार रूपैयाँको लागतमा सुरु गरेको काम २०८३ सालमा सम्पन्न हुने छ ।

क्रमशः पृष्ठ २ मा

# प्रधानमन्त्री ओली अस्वस्थ कार्यक्रममा 'भर्चुअल्ली' सम्बोधन

- प्रधानमन्त्री ओलीले तिनाउ गाउँपालिकाको प्रशासकीय भवनकोसमेत उद्घाटन गर्ने भनेर गाउँगाउँबाट मानिसहरु ओइरिएका थिए कार्यक्रमस्थलमा । तर प्रधानमन्त्री सुरूङमार्ग 'ब्रेक थ्रु'मै एकाएक 'भर्चुअल्ली' देखिए ।
- प्रायः हक्की र फुर्तिलो देखिने प्रधानमन्त्री ओली उद्घाटन मन्तव्यका क्रममा थकित देखिन्थे । प्रस्ट र खरो बोल्ने ओली शुक्रबार अड्कीअड्की अलमल गरी वक्तव्य दिइरहेका थिए ।
- मंगलबार साँझ सचिवालयको बैठकपछि स्वर भासिएको ओलीलाई चिकित्सकले कार्यक्रमहरूमा नजान सुझाएका थिए ।

**प्रभाव संवाददाता**



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओली शुक्रबार सिद्धबाबा सुरुङमार्ग पुगेर 'ब्रेक थ्रु' गराउने तयारीमा थिए । यसका लागि मूल समारोहको ब्यानरदेखि सुरुङमार्ग प्रवेशद्वार र निस्कनेद्वारमा पनि प्रधानमन्त्रीको तस्बिरसहितका ब्यानरहरू राखेर प्रचार गरिएको थियो ।

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकखण्डको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक किलोमिटर १२६ मिटर सुरुङमार्ग छिचोलिने स्थान हो । सिद्धबाबा सुरुङमार्ग आयोजनाले सुरुमा पुस मसान्तमा 'ब्रेक थ्रु' को योजना बनाएको थियो । ओलीकै समयका कारण योजना पछि धकेलियो । त्यसपछि माघ १ गते, माघ ८ हुँदै प्रधानमन्त्री ओलीबाटै गराउने गरी माघ ११ गतेको समय तय भएको थियो ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव केशव शर्माले प्रधानमन्त्रीकै उपस्थितिमा सुरुङमार्गको 'ब्रेक थ्रु' र बुटवल-गोरुसिंगे सडकखण्ड स्तरोन्नति हुनेगरी निमन्त्रणा गरेका थिए सबैलाई । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको निर्वाचन क्षेत्र भएकोले उनले पनि प्रधानमन्त्री लैजान जोडबल गरेका थिए ।

प्रधानमन्त्री ओलीले तिनाउ गाउँपालिकाको प्रशासकीय भवनकोसमेत उद्घाटन गर्ने भनेर गाउँगाउँबाट मानिसहरू ओइरिएका थिए कार्यक्रमस्थलमा । तर, ओली सुरुङमार्ग ब्रेक थ्रुमै एकाएक 'भर्चुअल्ली' देखिए ।

सिद्धबाबा सुरुङमार्गको ब्रेक थ्रु कार्यक्रम प्रधानमन्त्री ओलीले भर्चुअल्ली नै उद्घाटन गरे । प्रायः हक्की र फुर्तिलो देखिने उनी उद्घाटन मन्तव्यका क्रममा निकै थकित देखिन्थे । प्रस्ट र खरो बोल्ने ओली शुक्रबार अड्कीअड्की अलमल गरी वक्तव्य दिइरहेका थिए ।

'सुरुङमार्ग नै ब्रेक थ्रु भएपछि पाल्पासम्म र पोखरासम्मको आगमन गुल्मीसम्मको अर्घाखाँचीसम्मको आगमनमा अब अनुकूलता आएको छ । कालीगण्डकी करिडोसम्मै जोडिएको छ,' ओलीले भने, 'यसका दाताहरूलाई धेरै धेरै धन्यवाद भन्न चाहन्छु ।'

क्रमशः पृष्ठ २ मा

### के भएको हो ओलीलाई ?

प्रधानमन्त्री केपी शर्मा ओली गत बुधबार सशस्त्र प्रहरीको कार्यक्रममा पनि सहभागी भएनन् । काठमाडौंको हलचोकमा आयोजित २४औं सशस्त्र प्रहरी दिवसमा प्रधानमन्त्री ओली नजानुको कारण भनियो- स्वरमा समस्या । प्रधानमन्त्रीको सचिवालयका अनुसार बुधबार ओलीको स्वर भासिएको थियो । उक्त दिनको सबै भेटघाट उनले बन्द गरेका थिए ।

मंगलबार राति एमाले सचिवालयको बैठकपछि उनी अस्वस्थ भएको बताइएको छ । कार्यक्रमको दौडधुपले स्वास्थ्य झनै बिग्रिने चिकित्सकहरूको सुझावपछि ओलीले कार्यक्रम स्थगित गरेका थिए । त्यसपछि बिहीबार पनि ओली कार्यक्रमहरूमा देखिएनन् । त्यसपछि शुक्रबारको कार्यक्रममा रूपन्देही नजाने भनेपछि उनको स्वास्थ्यबारे चर्चा हुन थालेको हो ।

शुक्रबार साँझ भने स्वास्थ्यमा केही सुधार देखिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । 'प्रधानमन्त्रीको घाँटीमा समस्या आएकोले स्वरमा समस्या आएको छ । डाक्टरले रेस्ट गर्न सुझाव दिएकोले उहाँ कार्यक्रममा नजानुभएको हो,' प्रधानमन्त्रीको सचिवालयका एक सदस्यले भने ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### वैदेशिक रोजगार विभागको अर्धवार्षिक उपलब्धि

# पीडितको न्यायमा जोड, अभिमुखीकरणमा आइरिस प्रणाली लागू

**ममता थापा**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारीका क्रममा पीडित भएका श्रमिकलाई न्याय दिलाउने कार्यलाई पहिलो प्राथमिकतामा राखिएको जानकारी दिएको छ । चालु आर्थिक वर्ष २०८१/८२ को छ महिनाको उपलब्धि सार्वजनिक गर्न शुक्रबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा विभागले उक्त जानकारी दिएको हो ।

विभागका महानिर्देशक सूर्यबहादुर खत्रीले आफ्नो पाँच महिनाको कार्यकालमा पीडितको न्यायलाई जोड दिएको बताए । आफूले केही पीडितलाई व्यवसायीको धरौटीबाट क्षतिपूर्ति दिलाएकोसमेत उनले उल्लेख गरे । 'व्यवसाय गरेपछि नाफा घाटा दुवै व्यहोर्नुपर्छ । सधैं नाफामात्र खोजेर हुँदैन । पीडितलाई झन् पीडित बनाउन पाइँदैन,' महानिर्देशक खत्रीले भने, 'यदि विभागको अन्य शाखाबाट काम नभए सीधै मलाई फोन गर्दा हुन्छ ।'

उनले विभागलाई पूर्णरूपमा 'डिजिटलाइज्ड' गर्ने तयारी भइरहेको




बताए । पहिले होहल्ला, भीडभाड र मानिसहरूको चाप हुने विभाग अहिले शान्त भएको उल्लेख गर्दै उनले अझ डिजिटलाइज्ड गरेर पेपरलेस, फेसलेस र क्यासलेस बनाउने बताए ।

#### आइरिस हाजिरी र कोरियामा ट्रान्जिट ऐतिहासिक उपलब्धि

विभागले पूर्वप्रस्थान अभिमुखीकरण तालिमको हाजिरीलाई आइरिस प्रणालीमा लगिनु ऐतिहासिक उपलब्धि भनेको छ । हाल आइरिस स्क्यानिङलाई राष्ट्रिय परिचयपत्रसँग जोड्ने कार्य भइरहेको जानकारी दिइयो । कामदारको मेडिकललाई पनि राष्ट्रिय परिचयपत्रसँग जोड्ने तयारी रहेको विभागको भनाइ छ ।

महानिर्देशक खत्रीले इपिएस प्रणालीबाट कोरिया जाने कामदारलाई सीधा उडानको माध्यमबाट मात्र कोरिया जाँदा महँगोमा टिकट लिनुपरिरहेको अवस्थामा ट्रान्जिटबाट पनि कोरिया जान त्यहाँको सरकारलाई सहमत गराइएको उल्लेख गरे । विगतमा कोरिया जाँदा टिकटको एक लाख २२ हजार रूपैयाँसम्म तिर्नुपरेको अवस्थामा अब भने ४८ हजार ८६५ रूपैयाँमा प्राप्त गर्न सकिने व्यवस्था गरिएको उनले बताए । 'यही माघ ३ गतेबाट यो सुविधा कार्यान्वयनमा आएसँगै श्रमिकलाई ठूलो राहत मिलेको छ,' महानिर्देशक खत्रीले भने, 'यसले एक जना कामदारको ७३ हजार बचत हुँदा एक वर्षमा मुलुकको एक अर्बभन्दा बढी बचत हुने छ ।'

विभागको कार्यालय ताहाचलमा भएको कार्यक्रममा उनले वैदेशिक रोजगारीमा जानेको संख्या बढेको बताए । विभागको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षको छ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा ५२ हजार ७३९ जना अर्थात् १५.४८ प्रतिशतले विदेसिनेको संख्या बढेको छ ।

समीक्षा अवधिमा ठगीका घटना पनि बढेका छन् । अघिल्लो आर्थिक वर्षमा दुई हजार ६२९ वटा मुद्दा परेकामा चालु आवमा बढेर तीन हजार ४०५ पुगेको विभागले जनाएको छ । जबकि अघिल्लोपटक एक हजार १८१ वटा अर्थात् ४४.९२ प्रतिशत मुद्दा फर्स्योट भएकामा यसपटक एक हजार २३० वटा अर्थात् ३६.१२ प्रतिशतमात्र फर्स्योट भएको छ ।

अघिल्लो आवको सोही अवधिमा १४ करोड नौ लाख १८ हजार ६०० रूपैयाँ क्षतिपूर्ति उपलब्ध गराउँदा यसपटक २४ करोड ६७ लाख ३२ हजार ६६० रूपैयाँ क्षतिपूर्ति दिलाएको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्री ओली...

यसखालको विकास नेपालमा थप विकास भएको प्रमाण भएको प्रधानमन्त्री ओलीले बताए । 'नेपाल दुर्गमबाट सुगम देशको रूपमा अल्पविकसित देशबाट विकसित देशतर्फ अग्रसर भइरहेको यसैले देखाउँछ । यो सिँगै देशको खुसी हो,' उनले भने । ओलीले थोरै वाक्य बोल्न पनि धेरै समय खर्चिरहेका थिए ।

प्रधानमन्त्री ओलीले केही वर्षअघि बुटवल जाँदा कलाकारहरूले सिद्धबाबामा सुरुङमार्ग कहिले बन्छ भनेर प्रश्न गरेको स्मरण गर्दै विनाअवरोध सुरुङमार्ग बनेको बताए । उनले बुटवलदेखि पाल्पा, स्याङ्जा, गुल्मी, कास्कीसम्मका जनताका लागि यो सडकले सहजता दिने बताए ।

■■■

### के भएको...

चिसोका कारण प्रधानमन्त्री ओली गत कात्तिक तेस्रो साता पनि बिरामी परेका थिए । त्यतिबेला ओलीलाई ज्वरो आएको थियो । गत जेठमा पनि ओली बिरामी परेका कारण संघीय संसद्को संयुक्त बैठकमासमेत उपस्थित भएनन् । राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गरेको उक्त कार्यक्रममा प्रायः दलका शीर्ष नेता सहभागी हुने चलन रहिआएको छ ।

ओलीले कहिलेकाहीँ आफू अस्वस्थ हुँदा आफैंले जानकारीसमेत दिने गर्छन् । २०८० वैशाख ३ गते बिरामी हुँदा ओलीले आफैंले सामाजिक सञ्जालमा आफूलाई भाइरल ज्वरो आएको बताएका थिए । मिर्गौला प्रत्यारोपन गरेका कारण स्वास्थ्यमा समस्या आइरहने र ती सामान्य हुने चिकित्सकहरू बताउँछन् ।

■■■

### शिद्वबाबा...

सुरुङमार्ग ब्रेक थ्रु भएसँगै राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको सिद्धार्थ राजमार्गअन्तर्गत बुटवल-तानसेन सडकको माथिल्लो सिद्धबाबा मन्दिरदेखि एक हजार १२६ मिटर सुरुङमार्ग छिचोलिने काम सम्पन्न भएको छ ।

सुरुङ ब्रेक थ्रु गर्न आयोजित समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले निकै नाजुक अवस्थामा रहेको बुटवल पाल्पा सडकखण्डमा सुरुङमार्ग ब्रेक थ्रु हुनु ऐतिहासिक काम भएको बताए । पहिरोले गाडी दुर्घटना हुने र जनधनको क्षति हुने पीडाबाट यात्रीहरूलाई राहत दिन उक्त सुरुङमार्ग एक सफल आयोजना सावित हुने प्रधानमन्त्री ओलीको विश्वास छ । उनले सुरुङमार्गबाट लाभ लिइ राजमार्गको सहज आवागमन, सामाजिक एवं आर्थिक सम्बन्ध विस्तार र उत्पादन आदानप्रदान गर्न शुभकामना दिए ।

यसअघि त्रिभुवन राजपथअन्तर्गतको थानकोट-नागढुंगा सुरुङमार्ग ब्रेक थ्रु भएको र नेपाल सुरुङ युगमा प्रवेश गरिसकेकाले त्रासको वातावरणमा यात्रा गरिहनुपर्ने अवस्था अन्त्य भई सहज र छोटो मार्गबाट यात्रा गर्नसक्ने स्थितिमा मुलुक पुगेको प्रधानमन्त्री ओलीले बताए ।

'सुरुङमार्ग ब्रेक थ्रु हुनु सिंगै देशका लागि खुसीको कुरा हो । अब नेपाल हिजोझैं दुर्गम भन्ने रहेन । मुलुकमा शीघ्र विकास र सुशासन दिन अहिलेको समयमा हामी अरूको पनि सहयोग लिन्छौं र हामी बनाउँछौं देश,' उनले भने, 'फाइदा हुने कामकुराहरूमा सरकारको ध्यान जाने छ । हाम्रा प्रयासहरू सदैव यसैतर्फ केन्द्रित छन् ।'

समारोहमा उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, उपप्रधान एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, भौतिक यातायात तथा पूर्वाधारमन्त्री देवेन्द्र दाहाल, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, नेपालका लागि चीनका राजदूत चेन सोङलगायत सहभागी थिए ।

अर्थमन्त्री पौडेलले यो सुरुङमार्ग सरकारको आफ्नो लगानीमा निर्माण भएको पहिलो सुरुङमार्ग भएको बताए । उनले अब 'मृत्युमार्ग'को संज्ञा पाएको शिद्धबाबा सडकखण्ड 'जीवनमार्ग'मा परिणत भएको दाबी गरे । अर्थमन्त्री पौडेलले सरकारले सिद्धार्थ राजमार्गको बुटवल-पोखरा सडकखण्ड स्तरोन्नति गरी ३० किलोमिटर दूरी कम गर्ने सरकारको योजना रहेको पनि जानकारी दिए ।

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाइरहेको यो सुरूङमार्ग बनेपछि बुटवलबाट पाल्पा, गुल्मी, स्याङ्जा, बागलुङ, पर्वतलगायत लुम्बिनी र गण्डकी प्रदेशका पहाडी जिल्लाहरूमा आवतजावतमा सहज र सुरक्षित हुने अपेक्षा लिइएको छ । यद्यपि शिद्वबाबाको केही क्षेत्र भने अझ पनि जोखिमकै रूपमा रहेको छ । यस क्षेत्रको करिब चार किलोमिटर सडक अत्यन्तै जोखिमपूर्ण रहेको मानिन्छ । बढी जोखिमपूर्ण क्षेत्रमध्ये एक किलोमिटर १२६ मिटरमा मात्र सुरूङ निर्माण भएको हो ।

■■■

### यसरी सुरू...

२०७८ फागुनमा निर्माण ठेक्का सम्झौता भए पनि कम्पनीले २०७९ सालको अन्तिमतिर सुरूङ खन्न थालेको हो । आयोजना प्रमुख अधिकारीले सुरूङमार्गका तीनवटै बाइपास सुरूङ ब्रेक थ्रु भइसकेका छन् ।

सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडि बढाइरहेको यो सुरूङमार्ग बनेपछि बुटवलबाट पाल्पा, गुल्मी, स्याङ्जा, बागलुङ, पर्वतलगायत लुम्बिनी र गण्डकी प्रदेशका पहाडी जिल्लामा आवतजावत सहज हुने छ । स्वीस एजेन्सी फर डेभलपमेन्ट एन्ड कोअप्रेसन (एसडिसी) ले २०७५ सालमा यो क्षेत्रको सर्वेक्षण गरी सुरुङमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गरेको थियो । उक्त कम्पनीले सिद्धार्थ राजमार्गको बर्तुङ-चिडियाखोला सडकखण्डको सिद्धबाबादेखि दोभान चौकीसम्मको दुई हजार ७०० मिटर सडकक्षेत्र जोखिमयुक्त रहेको जानकारी सरकारलाई दिएको थियो । सोही सुझावअनुसार सुरुङमार्ग निर्माणको निर्णय भएको हो ।

विशाल चट्टानले युक्त भिरमा रक सेट अर्थात् स्लोप प्रोटेक्सनको काम गर्न सम्भव नभएको क्षेत्रमा सुरुङको प्रस्ताव भएअनुसार यो सुरुङ खन्न थालिएको हो । २०७६ मंसिर २ गते सुरुङमार्गका लागि १० अर्ब १५ करोड रूपैयाँ स्रोत सुनिश्चित भएको थियो । हाल यहाँ दैनिक ४० जना चिनियाँ र नेपाली दक्ष, अर्धदक्ष र अदक्ष गरी १५० जनाले नियमित काम गरिरहेका छन् । छिचोलिएको सुरुङभित्र पसेर सेकेण्डरी सपोर्टको काम भइरहेको आयोजनाले जनाएको छ ।

■■■

### पीडितको न्यायमा...

मुद्दाको संख्या बढेसँगै क्षतिपूर्तिको रकम स्वतः बढेको कुराको हेक्का नराखी पीडितलाई उपलब्ध गराएको क्षतिपूर्तिको रकम ७५ प्रतिशतले बढेको भन्दै विभागले यसलाई समेत प्रमुख उपलब्धिमा राखेको छ ।

विगतका करिब ११ सय उजुरीका फाइल विद्युतीय प्रणालीमा आबद्ध गरिएको विभागले जनाएको छ । इजरायलका लागि केयर गिभरको लामो समयदेखि रोकिएको प्रक्रिया विभागकै सक्रियतामा सुधारिएको दाबी विभागको छ ।

विभागले यस अवधिमा म्यानपावर व्यवसाय नवीकरण गर्नका लागि आवश्यक न्यूनतम १०० संख्या हटाउन केही नेपाल संशोधन ऐनमा संशोधनको प्रस्ताव पेस गरिएको, वैदेशिक रोजगारीको शिलशिलामा मृत्यु भएकाको परिवारलाई गत कात्तिक ८ गतेबाट १० लाख रूपैयाँ क्षतिपूर्तिको व्यवस्था मिलाइएको, व्यवसायीले मुलुकका अन्य स्थानमा शाखा विस्तार गर्नेसम्बन्धी कार्यविधि संसोधन गरिएको, पीडितलाई शीघ्र न्याय दिलाउन प्रत्येक जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिने तथा जिल्ला अदालतबाट अभियोजन गर्ने व्यवस्था मिलाउन केही नेपाल संशोधन ऐन पेस गरिएको, श्रमिकको उमेर हद ६० वर्ष पुर्‍याइएकोलगायत सुधारका काम सार्वजनिक गरिएको थियो ।

यसैगरी सुशासन प्रवर्द्धनका लागि सचेतनामूलक सूचना पटक-पटक जारी गरेको, श्रमाधान, हेलो सरकार, सम्पत्ति शुद्धीकरण, साइबर सुरक्षालगायतका कार्यालयमा वैदेशिक रोजगार फोकल पर्सन तोकिएको जानकारी गराएको छ । आगामी केही महिनामै सबै सेवाहरू अनलाइन प्रणालीबाट प्रवाह गर्ने तयारी रहेको विभागले जनाएको छ ।

■■■

# भारतमा रेल दुर्घटनामा सात नेपालीको मृत्यु

**काठमाडौं (प्रस)–** सरकारले यही माघ ९ गते भारतको महाराष्ट्र राज्यको जलगाउँ जिल्लाको परधाडे स्टेसननजिकै भएको रेल दुर्घटनामा परी सात नेपालीसहित १२ जनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ ।

परराष्ट्र मन्त्रालयले शुक्रबार विज्ञप्तिमार्फत उक्त दुर्घटनामा आफन्त गुमाएका शोकाकुल परिवारजनप्रति समवेदना व्यक्त गर्दै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । उक्त रेल दुर्घटनामा परी नेपाली नागरिक कमला नवीन भण्डारी, लछिराम पासी, हिमु नन्दराम विश्वकर्मा, नन्दराम पद्म विश्वकर्मा, मैसारा कामी विश्वकर्मा, जोक्ला कामी र राधेश्याम राध नेपालीको निधन भएको मन्त्रालयले जनाएको छ ।

दुर्घटनामा घाइते भएका चार नेपालीमध्ये तीनजनाको स्थानीय अस्पताल र गम्भीर घाइते एकजनाको गोदावरी अस्पताल, जलगाउँमा उपचार भइरहेको छ । दुर्घटनामा मृत्यु भएका नेपालीको शव नेपाल ल्याउन तथा घाइतेको शीघ्र उपचार गर्नका लागि परराष्ट्र मन्त्रालयले नयाँ दिल्लीस्थित नेपाली राजदूतावास तथा काठमाडौंस्थित भारतीय राजदूतावासमार्फत भारत सरकारका सम्बन्धित निकायसँग समन्वय एवं सहजीकरण गरिरहेको जनाएको छ ।


**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम सूचना प्रकाशित मितिः २०८१/१०/१२

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल, असना, जामुन जातको गोलिया १७२२.७७ क्यू.फि. काठ र साल मिश्रित दाउरा २ चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री तरुले सा.व.उ.स., तिनाउ–१, पाल्पा ।

**काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

प्रथम सूचना प्रकाशित मितिः २०८१/१०/१२

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको गोलिया १०८४.१६ क्यू.फि. काठ र साल दाउरा १.५० चट्टा लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

श्री मसिना सा.व.उ.स., तिनाउ–१, पाल्पा ।

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **श्री Surya International Pvt.Ltd. (ई.प.नं.२७७/०५८/५९) को साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ०९ परिवर्तन गरी ललितपुर जिल्ला ललितपुर उ.म.न.पा वडा नं. १५** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**हक दावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७२/०७/२४ मा दर्ता भएको प्रा.लि.नं. १४१६८५ को **नारायणी डिपार्टमेन्ट स्टोर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**युएइमा रोजगार** कम्पनी : Ayadi Human Capital Solutions L.L.C. - Sole Proprietorship L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/१०/११ LT. No. 317717 चलानी नं. ६०२३१९२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 900 | ३३,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**त्रिकोण ईन्टरनेशनल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. ५५०/०६२/०६३ रानीवारी, सामखुसी, काठमाडौं, नेपाल, फोन नं. ४३८१८३८, ४३५५६०२, ९८०१००४३८४

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Halesi Overseas Pvt.Ltd. (ई.प.नं.११६१/०७३/७४) काठमाडौंको साविकको ठेगाना काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ०७ परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**वैदेशिक रोजगार विभागको**
**सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८१/१०/१२

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Surya International Pvt. Ltd.**(ई.प.नं.२७७/०५८/५९) को संचालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति भई तपसिल व्यक्तिको नाममा हक कायम भइसकेको हुँदा कोही कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनी नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. सुवर्ण प्रसाद सुवेदी (०१-३००००) | १. डेविड रावत (०१-३००००) |

**कम्पनीको नाम परिर्वतन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मितिः २०८१/१०/१२

यस कम्पनीको मिति २०८१/०९/१९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **स्वयम्भु ईङ्गलिस बोर्डिङ्ग स्कूल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्होर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्वयम्भु विद्या कुञ्ज प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्होर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१०/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्वयम्भु विद्या कुञ्ज प्रा.लि.** (प्रा.लि.नं.१९०८८) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

**थर्ड आई बचत तथा ऋण सहकारी संस्था लि.**
क्षेत्रपाटी – १७, काठमाण्डौं ।

**पन्ध्रौं बार्षिक साधारण सभा सम्वन्धी सूचना**

यस संस्थाको **पन्ध्रौं बार्षिक साधारण** सभा निम्न मिति, समय र स्थानमा हुने भएको हुदाँ यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक आमन्त्रण गर्दछौं ।

उपस्थित हुने मिति : **२०८१ साल माघ २६ गते, शनिवार** (बिहान १० बजे देखी)
स्थान : **कार्यालय भवन, क्षेत्रपाटी ।**
सम्पर्क नं. : ०१-५३६२४४१

**श्री शान्ति आदर्श मा.वि.**
विगु-४, लादुक, दोलखा

**शिलबन्दी दरभाउ-पत्र आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/१०/१२

यस विद्यालयलाई सामाजिक विकास मन्त्रालयबाट, वागमती प्रदेशबाट आ.व. २०८१/०८२ को लागि कम्प्युटर खरीद कार्यक्रमका लागि निकाशा भएको रकमबाट विद्यालयमा सूची बमोजिमका तल उल्लेखित सामानहरु शिलबन्दी दरभाउ-पत्रद्वारा खरीद गर्नुपर्ने भएकोले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिल सामानको स्पेशिफिकेशन, Catlog सहित दरभाउ-पत्र पेश गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | सामानको विवरण | परिमाण |
|---|---|---|
| 1 | Desktop Computer | 18Pcs |
| 2 | 3-in-1 Printer | 1pcs |
| 3. | Solar inverter (3000VA) | 1 Pcs |
| 4. | Branded Laptop (Dell) | 2 pcs |
| 5. | Hard Disk | 1Pcs |
| 6. | Mouse | 10 Pcs |
| 7. | Keyboard | 10 Pcs |

थप जानकारीको लागि :
प्रधानाध्यापक
**श्री शान्ति आदर्श मा. वि.**
विगु-४, लादुक, दोलखा, ९८६४००११०८


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शनिबार, १२ माघ, २०८१

| | |
|---|---|
| मेष | आम्दानीको स्रोत भएपनि खर्च बढ्ने छ । |
| वृष | आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव । |
| मिथुन | दिगो कामको जग बसाउन सकिने छ । |
| कर्कट | रमाइलो जमघटमा सहभागी बन्ने अजसर । |
| सिंह | व्यस्तताले शरीरमा कमजोरी पना आउने । |
| कन्या | विषेश अवस प्रप्त हुनले मन प्रफुल्ल हुने । |
| तुला | साथिभाइको आगमनले दिन मनोरञ्जनपूर्ण हुने । |
| वृश्चिक | नयाँ अवसर साथै भौतिक सुख जुट्ने छ । |
| धनु | तत्काल फाइदाले परिस्थिति बिग्रने छ । |
| मकर | स्रोतसाधन जुट्नाले लगानिमा उत्साहा आउने । |
| कुम्भ | नयाँ काम थालनी गर्ने अवसर मिल्ने छ । |
| मीन | सुखद् समाचारले उत्साह जगाउन छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१२ माघ, २०८१ (२५ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३८.०४ | १३८.६४ |
| युरो | १ को | १४३.७३ | १४४.३६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.१५ | १७०.८९ |
| स्विस फ्रैन्क | १ को | १५२.१९ | १५२.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.५४ | ८६.९२ |
| क्यानाडियन डलर | १ को | ९५.९२ | ९६.३३ |
| सिङ्गापुर डलर | १ को | १०१.७७ | १०२.२१ |
| जापानी येन | १० को | ८.८२ | ८.८६ |
| चिनियाँ युआन | १ को | १८.९४ | १९.०२ |
| साउदी अरब रियाल | १ को | ३६.८० | ३६.९६ |
| कतारी रियाल | १ को | ३७.८६ | ३८.०३ |
| थाई भाट | १ को | ४.०६ | ४.०८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५८ | ३७.७५ |
| मलेसियन रिङेट | १ को | ३१.०६ | ३१.२० |
| दक्षिण कोरियन वन | १०० को | ९.६१ | ९.६५ |
| स्विडिस क्रोनर | १ को | १२.५३ | १२.५८ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३५ |
| हङकङ डलर | १ को | १७.७२ | १७.८० |
| कुवेती दिनार | १ को | ४४७.८३ | ४४९.७८ |
| बहराइन दिनार | १ को | ३६६.२६ | ३६७.८५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# सूर्यविनायक नगरपालिकाले बनायो सुविधासम्पन्न भवन



**भक्तपुर (प्रस)–** सूर्यविनायक नगरपालिकाले कार्यालय सञ्चालन गर्न सुविधा सम्पन्न भवन निर्माण गरेको छ । टंकप्रसाद आचार्य प्रतिष्ठानको घरमा भाडामा प्रशासनिक कार्यालय सञ्चालन गर्दै आएको नगरपालिकाले आगामी सोमबारदेखि आफ्नै भवनबाट सेवा सञ्चालन गर्ने तयारी गरेको छ ।


नगरप्रमुख वासुदेव थापाले पहिलो र दोस्रो कार्यकालमा सबै नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीको सहयोगले नगरपालिकाले २ देखि १० सम्मका वडा कार्यालय भवन निर्माण गरेको, १ नं वडाको भवन निर्माणको चरणमा रहेको, नगरपालिकाले आफ्नै भवन निर्माण गरेको, नगर अस्पताल सञ्चालनमा ल्याएको र ठूला सडक, पुललगायत आयोजना सम्पन्न गरेको जानकारी दिए ।

नगरपालिकाका प्रवक्ता रवीन्द्र सापकोटाले नयाँ भवन बाबुरत्न जेभी कन्स्ट्रक्सन कम्पनीले भ्याटबाहेक २० करोड ४१ लाख ५२ हजार रूपैयाँमा निर्माण सम्पन्न गरेको बताए । हालसम्म नगर कार्यपालिकाले ९९ वटा कानुन बनाइसकेको नगरप्रमुख थापाले बताए ।

उक्त भवन अपांगतामैत्री रहेको र छ रोपनी ११ आना दुई पैसा तीन दाम क्षेत्रफलमा फैलिएको छ । नयाँ भवनमा करिब ५०० सवारीसाधन अट्ने दुईतलाको पार्किङ रहेको जानकारी दिँदै प्रमुख थापाले नवनिर्मित भवनमा दुईवटा लिफ्ट, ३०० जना अट्ने सेमिनार हल, दुईवटा बैठक कक्ष, एउटा पुस्तकालय र एउटा तालिम कक्ष रहेको बताए । कार्यकक्षका लागि ९२ वटा कक्षका साथै स्तनपान कक्षसमेत रहेको जनाइएको छ ।

नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत तारानाथ लुइँटेलले भवन निर्माण गर्न संघीय सरकारको दुई करोड रूपैयाँ, जिल्ला समन्वय समितिको ७५ लाख रूपैयाँ र बाँकी रकम नगरपालिकाले आफ्नै स्रोतबाट खर्च गरेको बताए ।

# काठमाडौं उपत्यकाको तापक्रम बढ्दो



**काठमाडौं (प्रस)–** हाल देशको पश्चिमी भू-भागमा पश्चिमी न्यून चापीय प्रणालीको प्रभाव रहेको छ । गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सफा रहेको छ ।

साथै तराईका धेरै भागमा हुस्सु लागेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । आगामी साताभर तराई भेगमा कुहिरो नफाट्ने तथा त्यसपछि क्रमशः त्यो हराउँदै जाने मौसमविद् प्रतिभा मानन्धरले बताइन् ।

काठमाडौं उपत्यकाको तापक्रम पनि क्रमशः वृद्धि हुन थालेको छ । बिहीबार बिहान यहाँको न्यूनतम तापक्रम ६.१ डिग्री सेल्सियस मापन गरिएकामा शुक्रबार त्यो ६.१ डिग्री सेल्सियस कायम भएको छ । शुक्रबार यहाँको अधिकतम तापक्रम २१ देखि २३ डिग्री सेल्सियस रहने विभागको पूर्वानुमान छ । विभागका अनुसार शुक्रबार दिउँसो कोशी, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सफा रहेको थियो । कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ ।

आज शनिबार बिहान तराईका धेरै स्थानमा हुस्सुको सम्भावना रहेकाले त्यसबाट दैनिक जनजीवन, कृषि, स्वास्थ्य, यातायात तथा हवाई उडानमा असर पर्न सक्ने जनाउँदै विभागले सम्बद्ध सबैलाई सतर्कता अपनाउन अनुरोध गरेको छ ।

# उपराष्ट्रपति यादवसँग जापानी राजदूतको शिष्टाचार भेट



**काठमाडौं (प्रस)–** उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि जापानका राजदूत माइदा तोरूले शिष्टाचार भेट गरेका छन् । लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा उनीहरूबीच भएको भेटमा दुई मुलुकबीचको द्विपक्षीय सम्बन्ध, उच्चस्तरीय भ्रमण, आर्थिक सहयोग र सहकार्य तथा द्विपक्षीय व्यापार तथा लगानीलगायत विषयमा छलफल भएको थियो ।

उक्त अवसरमा उपराष्ट्रपति यादवले दुई देशबीच ऐतिहासिक सम्बन्ध रही आएको उल्लेख गर्दै सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता सम्बन्धमा थप घनिष्टता एवं मैत्रीपूर्णरूपमा अगाडि बढिरहेको बताएको उनको सचिवालयले जनाएको छ ।

उपराष्ट्रपति यादवले जापानसँगको सम्बन्ध र सहयोगलाई नेपालले उच्च महत्त्व दिएको उल्लेख गरे । उनले दुई देशबीच 'एसियाका ज्योति' भगवान् बुद्धको शिक्षाबाट प्रभावित युगौं पुरानो सामाजिक-सांस्कृतिक सम्बन्ध रहिआएको उल्लेख गर्दै राजदूत तोरूको कार्यकालमा द्विपक्षीय सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरे । उनले नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जापान सन् १९५४ देखि एक महत्त्वपूर्ण तथा विश्वासिलो विकास साझेदारका रूपमा रहिआएको बताए ।

'जापानले नेपाललाई द्विपक्षीय अनुदान, द्विपक्षीय ऋण, बहुपक्षीय सहायता र प्राविधिक सहयोग गर्दै आएको छ,' उपराष्ट्रपति यादवले भने, 'हामी औद्योगिक विकास, कृषि, जलविद्युत्, पूर्वाधार विकासलगायत धेरै क्षेत्रमा जापानको अनुभव, ज्ञान, सीप र प्रविधिबाट लाभान्वित हुन चाहन्छौं ।'

नेपालका लागि जापानका राजदूतमा तोरूले नेपाललाई जापानी सहयोग जारी रहने उल्लेख गर्दै नागढुंगा सुरूङमार्ग यसै वर्ष सञ्चालनमा आउने बताए । नेपालले 'ओसाका एक्स्पो' मा सहभागिता जनाउने विषयप्रति आभार उनले प्रकट गरे ।

# 'प्रत्येक नागरिकको एकीकृत सम्पत्तिको विवरण राज्यसँग हुनुपर्दछ'



■ प्रभाव संवाददाता

**काठमाडौं–** महान्यायाधिवक्ता रमेश बडालले प्रत्येक नागरिकको एकीकृत सम्पत्तिको विवरण राज्यसँग हुनु जरुरी रहेको बताएका छन् । महान्यायाधिवक्ता कार्यालयमा शुक्रबार आयोजित 'सम्पत्ति शुद्धीकरण निवारणः कानुनी प्रावधान र जिम्मेवारी'सम्बन्धी अन्तरक्रियामा उनले नागरिकको सम्पत्तिसम्बन्धी विवरण राज्यसँग हुन जरुरी रहेको धारणा राखे ।

'प्रत्येक नागरिकको एकीकृत सम्पत्तिको विवरण राज्यसँग हुनु जरुरी छ, जग्गा दर्ता कहाँ-कहाँ छ ? राज्यलाई कर कति तिरेको छ ? एकीकृत तथ्यांक संकलन गर्ने काम राष्ट्रिय परिचयपत्रमार्फत गर्नुपर्दछ,' बडालले भने, 'राष्ट्रिय परिचयपत्र वितरणको काम केही समय रोकिए पनि अब उक्त कामले निरन्तरता पाउने छ ।'

उनले सम्पत्ति शुद्धीकरण ऐनमा उल्लेख गरिएको कसूरमा संलग्न ३४ वटाको सूची रहेको भन्दै हुण्डी कारोबारसहित पाँचवटा संशोधन गरी ३९ कसूरमा अनुसन्धान गर्नसक्ने व्यवस्था मिलाइएको जानकारी दिए । 'सम्पत्ति शुद्धीकरणमा प्रहरीले जथाभावी मुद्दा लगाउने गरेको भन्ने भ्रम रहेको छ, त्यसलाई चिर्न आवश्यक छ,' महान्यायाधिवक्ता बडालले भने, 'सरकारले प्रहरी परिचालन गर्छ, प्रहरीको नेतृत्व सरकारले गरेको हुन्छ, सरकारले जथाभावी मुद्दा चलाइदिन्छ भन्ने कुरा गलत हो ।'

नायब महान्यायाधिवक्ता सञ्जिवराज रेग्मीले अपराधसम्बन्धी मुद्दामा विस्तृत अध्ययन गरेर प्रभावकारी नियन्त्रणका लागि गत वर्ष कानुन परिमार्जन भएको जानकारी दिए । सहन्यायाधिवक्ता दीपशिखा मुनाकमीले सम्पत्ति शुद्धीकरण अनुसन्धान तीन ढंगले गर्न सकिने धारणा राख्दै आतंकवाद तथा संगठित अपराधमा हुने वित्तीय लगानीमाथि प्रहरीले सीधै अनुसन्धान गर्नसक्ने कानुनी व्यवस्था रहेको जानकारी दिए ।

उनले कुनै पनि अपराधसम्बन्धी अनुसन्धानका क्रममा शंकास्पद व्यक्तिसँग सम्पत्ति आर्जन गरेको भेटिएमा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा चलाउनसक्ने व्यवस्था रहेको भन्दै अस्वाभाविक सम्पत्ति भेटिएमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले अनुसन्धान गर्ने कानुनी व्यवस्था रहेको उल्लेख गरे ।


## युएइमा रोजगार

कम्पनी : ANWAR KERALA CONCRETE CARPENTER CONT

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317559 | चलानी नं. ६०२३१८१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 18 | 0 | 1200 | ४६,००० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Worker/steel Fixer | 11 | 0 | 1200 | ४६,००० | | | | | | | |
| 3 | Stone Mason | 8 | 0 | 1200 | ४६,००० | | | | | | | |

कम्पनी : Bawabath Almadina Technical Services Est

पूर्व स्वीकृति मिति : २०८१/१०/०९ | LT. No. 317508 | चलानी नं. ६०२३१८१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electricians Gen | 2 | 0 | 1400 | ५२,६१५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 2 | 0 | 1400 | ५२,६१५ | | | | | | | |
| 3 | Steel Fixer | 2 | 0 | 1400 | ५२,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १८ गते (31st Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEW ALFA HR SERVICES PVT. LTD.
Maharajgunj-3, Kathmandu, Nepal, Contact: 01-4721183, 9841531176, E-mail : newalfahrs@gmail.com, Web: www.newalfahrs.com
Govt. License No. 1090/073/74



## बहराइनमा रोजगार

कम्पनी : MARAQ FOR TRADITIONAL FOOD

पून: स्वीकृति मिति : २०८१/१०/११ | पूर्व स्वीकृति मिति : २०८१/०५/२० | LT. No. 310263 | चलानी नं. ६०२२४८३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | chef cook | 5 | 0 | 200 | ७३,२६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | cleaner | 5 | 0 | 120 | ४३,९४१ | | | | | | | |
| 3 | waiter | 5 | 0 | 150 | ५४,९२७ | | | | | | | |
| 4 | Waitress | 0 | 5 | 150 | ५४,९२७ | | | | | | | |

कम्पनी : HAREM AL SULTAN BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/०८/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१०/११ | LT. No. 295853 | चलानी नं. ६०२११५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५४,९२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Chinari Overseas Pvt. Ltd.
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922, E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com
Govt. License 1165/073/074



## युएइमा रोजगार

कम्पनी : APEX ALWATANIAH CATERING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | LT. No. 317765 | चलानी नं. ६०२३१९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK | 20 | 0 | 1400 | ५२,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Helpers | 45 | 0 | 900 | ३३,८०५ | | | | | | | |
| 3 | Laundry Boy | 20 | 0 | 1100 | ४१,३१७ | | | | | | | |
| 4 | Room Boy | 50 | 0 | 1000 | ३७,५६१ | | | | | | | |
| 5 | Tea Boy | 15 | 0 | 1100 | ४१,३१७ | | | | | | | |
| 6 | Waiter | 50 | 0 | 1100 | ४१,३१७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Frontline Recruitment
Govt. License 886/067/068
FRONTLINE RECRUITMENT PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647
Mob: 9851100134, 9818819581, 9804705263, Email: info@manpoweragencynepal.com


## रामगोपालपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रामगोपालपुर, महोत्तरी

## औषधी खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१०/११**

प्रस्तुत विषयमा आ.व. २०८१/८२ को स्विकृत वार्षिक कार्यक्रम अनुसार रामगोपालपुर नगरपालिका, रामगोपालपुर, महोत्तरीको लागि उपचारात्मक सेवा कार्यक्रम अन्तरगत आधारभुत तथा आकस्मिक सेवाको लागि आवश्यक औषधी तथा औषधीजन्य सामग्रीहरु कार्यालयको आवश्यकता बमोजिम सर्वजनिक खरिद नियमावली, २०६४ को दफा ८५(१ क) बमोजिम खरिद गर्नु पर्ने भएकोले इच्छुक कम्पनी र फर्म र सप्लायर्सहरूलाई राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित भएको सूचना सहित आजको मितिले ७ दिन भित्र सम्पर्क गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

नि.प्रमुख प्रशासकीय अधिकृत


## Qatar मा रोजगार

1000 walls Interiors & Decoration wll

पुन विज्ञापन, पुर्व स्वीकृती मितिः २०८१/०७/१४ | चलानी नं.: ६०२२७३७८ | LT No.: 312953

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Foreman | 1 | 0 | [illegible] | 2500 | ९४,७००/- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | | [illegible] |
| २. | Supervisor | 1 | 0 | | 3000 | १,१३,७००/- | | | | | | | |

अन्तरवार्ता २०८१ माघ १९ गते (1 Feb., 2025) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौमा हुनेछ ।

Destiny H.R. Group Pvt. Ltd.
श्रम ईजाजत न. १५५२/०७९/८०
Sinamangal-9, Kathmandu, Tel. 01-5913085, 5914085, Email : info@destinyhrgroup.com.np



## कतारमा रोजगार

कम्पनी : Petals Trading and Services Wll

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317643 | चलानी नं. ६०२३१९००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1100 | ४१,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६४,४५५ | | | | | | | |
| 3 | Electrician | 2 | 0 | 1100 | ४१,७०५ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९४,७८५ | | | | | | | |
| 5 | Helper | 2 | 0 | 1000 | ३७,९१५ | | | | | | | |
| 6 | Labour | 2 | 0 | 1000 | ३७,९१५ | | | | | | | |
| 7 | MASON | 2 | 0 | 1100 | ४१,७०५ | | | | | | | |
| 8 | Salesman | 2 | 0 | 1300 | ४९,२९० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Aarambha H R Services Pvt.Ltd
Basundhara-03, Kathmandu, Nepal Tel : +977-1-5905046/5905044
E-mail : mail@aarambhahr.com, info@aarambhahr.com, Website : www.aarambhahr.com
Govt.Lic. No. 1241/074/075



## युएइमा रोजगार

कम्पनी : DESERT DEVELOPMENT CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 317595 | चलानी नं. ६०२३१८९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician (3Yr Experience) | 2 | 0 | 1500 | ५६,३७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 1100 | ४१,३४१ | | | | | | | |
| 3 | Mason For Plaster ./ Block | 5 | 0 | 1300 | ४८,८५७ | | | | | | | |
| 4 | Steel Erector | 1 | 0 | 1500 | ५६,३७४ | | | | | | | |
| 5 | Steel Fixer(3 Yr Experience) | 1 | 0 | 1300 | ४८,८५७ | | | | | | | |
| 6 | Suttering Carpenter | 4 | 0 | 1300 | ४८,८५७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ALI OVERSEAS PVT. LTD.
Govt. License 722/064/065
Samakhusi-3, Ranibari, Kathmandu, Nepal Phone : +977-1-4960155, 4960188
E-mail : recruitment.alioverseas@gmail.com, info@alioverseas.com.np, Website : www.alioverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : Desert Treasures Est. for General Contracting

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317539 | चलानी नं.६०२३१८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६६,२४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Faisal Abdullah Ibrahim Al Sulaimani Contracting Establishment

पूर्व स्वीकृति मिति : २०८१/१०/१० | LT. No. 317538 | चलानी नं.६०२३१८८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 3 | 0 | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BELIEVABLE OVERSEAS PVT.LTD.
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75



## कुवेतमा रोजगार

कम्पनी : The Baker Boys Cafe & Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/१०/११ | LT. No. 317608 | चलानी नं. ६०२३१९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cdp Hot | 1 | 0 | 180 | ८०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner Male | 1 | 0 | 100 | ४४,८२० | | | | | | | |
| 3 | Hostess | 0 | 1 | 150 | ६७,२३५ | | | | | | | |
| 4 | Pizza Makar | 1 | 0 | 150 | ६७,२३५ | | | | | | | |
| 5 | Team Leader (Male) | 1 | 0 | 150 | ६७,२३५ | | | | | | | |
| 6 | Waiter & Waitress | 2 | 3 | 150 | ६७,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ माघ १९ गते (1st Feb. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# जलपर्यटन: "भर्जिन ल्याण्ड"
# सुदूरपश्चिमले फर्काउन सक्छ लय



विसं २०३४/३५ तिरै त्रिशूलीमा 'इन्जोय द बिच' भनेर ठूला अक्षरले लेखिएको मलाई सम्फना छ । त्यो भनेको बालुवाको तप्पडमा गएर आरामले सुत्ने भनेको रहेछ । धेरै वर्षदेखि त्रिशूली रिभर बेसिनलाई त्यसरी प्रयोग गरियो । आज त्रिशूली हेर्नुस् त त्यहाँ वरिपरि होटल र रिसोर्टै रिसोर्ट छन् । त्यो सम्भावना महाकाली र कर्णालीमा पनि छ तर अहिलेसम्म त्यसलाई प्रयोग गर्न सकिएन । यहाँ ठूला पाँचतारे होटल नभए पनि हाम्रा बस्तीहरूलाई होमस्टे बनाएर परम्परागत परिकारहरूको स्वाद दिएर पर्यटक आकर्षित गर्न सकिन्छ ।

**पदम बोगटी**
**प्रमुख, भीमदत्त नगरपालिका**

**टीकाराम सुनार/काठमाडौं**

'भन्छन् नि पश्चिममा सूर्य पनि अस्ताउनमात्रै आउँछ ! यस्तै नियति भोगिरहेको छ पश्चिम नेपालको जल पर्यटनले । कतिपय व्यापारीले त नेपालमा जलयात्राको युग सकिन लागेको तर्क गरिरहेका छन्, जबकि पश्चिम नेपालमा जल पर्यटनलगायत समग्र पर्यटन क्षेत्रमा व्यावसायिक युग सुरु नै भएको छैन,' व्यवसायी जनेश भण्डारीको भनाइ हो यो ।

उनी पूर्वी क्षेत्रमा विभिन्न कारणले जलयात्रा (र्‍याफ्टिङ) संकटमा पर्न थालेको भनेर चिन्ता व्यक्त भइरहँदा 'भर्जिन' क्षेत्रका रूपमा रहेको पश्चिम नेपाल, विशेषगरी सुदूरपश्चिममा यसको व्यावसायिक विकासका लागि गम्भीर विमर्श हुनै नसकेको धारणा राख्छन् । 'विभिन्न मञ्च र संवादमा पूर्वतिर काम गरिरहेका व्यवसायीहरूले जलयात्राको युग सकिन लागेको भनेर चिन्ता व्यक्त गर्छन् । सुदूरपश्चिममा भने अझै व्यावसायिक युग सुरु भएन,' कर्णाली नदीको बाजुराखण्डमा र्‍याफ्टिङ सञ्चालन गरिरहेका व्यवसायी भण्डारी भन्छन्, 'राज्यले सुदूरपश्चिमको पर्यटन प्रवर्द्धनका लागि लगानी र प्रचारप्रसार नै गर्न सकेको छैन । व्यवसायीले पनि पूर्वमा मात्रै गतिविधि गर्ने र केही समस्या भएमा पलायन हुने तर सुदूरका सम्भावनाबारे चासो नराख्ने समस्या यथावत् छ । म त भन्छु धेरै कुरा पूर्वमा सुरु हुन्छ, त्यतै अन्त्य हुन्छ । जलपर्यटनको हल्ला पनि यही हो ।'

अर्का व्यवसायी देवराज जैशी विगतमा भूगोल र सम्पर्क सञ्जालको अभावका कारण सुदूरपश्चिमलगायत पश्चिम क्षेत्र ओझेलमा परे पनि अब त्यो अवस्था नरहेकाले राज्यले गन्तव्य सुदूरपश्चिमको नीतिअनुसार काम गरेमा समग्र देशले नै लाभ लिनसक्ने बताउँछन् । 'जलयात्राका हिसाबले विश्वप्रसिद्ध कर्णाली, महाकाली, सेती कर्णाली, बूढीगंगालगायत नदीहरू र खप्तड, बढिमालीका, रामारोशन, शुक्लाफाँटा, अपिसैपालजस्ता प्राकृतिक सम्पदा यही क्षेत्रमा छन् । धार्मिक पर्यटनको त्यत्तिकै सम्भावना छ । सरकारले चाहेमा यहाँ जलपर्यटनको विकासमार्फत समग्र क्षेत्रको विकासमा टेवा पुग्नसक्छ ।' तर विडम्बना यी सम्भावनाको सदुपयोग गर्ने विषयमा अझै योजनाबद्ध विकासको खाका तयार गर्न सकिएको छैन । जल पर्यटनको हिसाबले त सुदूरपश्चिम झन् उपेक्षामा छ । नेपालमा जलयात्रा शुभारम्भ भएको ५० वर्ष पुग्न लागिसक्यो तर पश्चिम नेपाल भर्खरै बामे सर्दै छ । महाकालीमा त अझै जलयात्राको व्यावसायिक विकास हुनसकेको छैन ।

नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा) का निवर्तमान अध्यक्ष शिव अधिकारी देशका अन्य भूभागमा जलयात्रा अभ्यासको आधा शताब्दी हुँदासम्म महाकालीलगायत सुदूरपश्चिमका नदीहरूको व्यावसायिक प्रयोग नहुनु दुखद भएको बताउँछन् । उनी भन्छन्, 'विडम्बना नै भन्नुपर्छ देशमा अनुमतिप्राप्त नदीमध्ये महाकालीमात्रै र्‍याफ्टिङ नचलेको नदी हो जबकि यो नदी सम्भावनाका हिसाबले विश्वभर प्रसिद्ध छ । देशमा र्‍याफ्टिङ सञ्चालन भएको दशकौं हुँदासमेत यहाँ भर्खरै सम्भावनाका कुरा हुँदै छन् ।'

नाराका नवनिर्वाचित सचिव जैशी काम गर्न चाहने व्यवसायीको अभावले नभई राज्यको नीतिकै कारण सुदूरपश्चिम क्षेत्रका प्राकृतिक स्रोतको उपयोग र पर्यटन प्रवर्द्धन हुननसकेको धारणा राख्छन् । उनी बागमती, गण्डकी र त्यस आसपास केन्द्रित गतिविधिले महाकाली र कर्णालीजस्तो विश्वप्रसिद्ध नदीमा जलयात्राको व्यावसायिक विकास हुननसकेको र अन्य नदीमा पनि विभिन्न समस्या रहेको बताउँछन् । 'महाकाली नेपाल भारत सीमा नदीसमेत भएकाले यहाँ व्यवसायीले मात्रै चाहँदैमा केही गर्न सकिने अवस्था छैन । नीतिगत रूपमा निर्बाध जलयात्रा गर्न सकिने गरी सरकारले सहजीकरण गरेमा निजी क्षेत्र काम गर्न तयार छ तर सरकारका कुनै निकायको यसतर्फ चासो छैन,' उनले भने,'अन्य नदीमा पनि त्यस्तै समस्या छ । सरकारले आवश्यक अध्ययन गरी सम्भावित रुट, बाटो विस्तार, प्रस्तानबिन्दु र गन्तव्यबिन्दुमा बासस्थानलगायत अत्यावश्यक पूर्वाधारमा लगानी र व्यवस्थापन नगर्दा अझै लाभ लिन सकिएको छैन ।'

डडेलधुराको परशुराम नगरपालिका प्रमुख भरत बडायर जोशी अब महाकाली सीमा नदी हो भनेर पन्छिनुभन्दा पनि भारतसँगको सहकार्यमा यहाँ जलयात्राको विकास गरिनुपर्ने बताउँछन् । 'दार्चुलादेखि कञ्चनपुरको दोधारा चाँदनीसम्म सहजै जलयात्रा गर्न सकिन्छ । गत वर्ष हामीले परशुरामधामदेखि कञ्चनपुरको खल्लासम्म करिब दुई घण्टामै यात्रा तय गरेर त्यो पुष्टि गरिसकेका छौं । अब यसको व्यावसायिक विकासको खाँचो छ । त्यसका लागि भारतसँग संवाद गरेर, उसका सुरक्षा चासोलाई सम्बोधन गर्दै काम अगाडि बढाउनुपर्छ,' उनले भने, 'देशमा तीन तहका सरकार छन् । संघ सरकारले दशकौंदेखि पर्यटन क्षेत्रमा करोडौं खर्चिरहेको छ तर सुदूरपश्चिममा त्यसको नगन्य हिस्सा लगानी भइरहेको छ । त्यसको उदाहरण जलयात्रा पनि हो । थोरै लगानी गरेर धेरै लाभ लिन सकिने यो क्षेत्रमा केही वर्षदेखि चर्चा सुरु भएको छ । अब यसलाई व्यावसायिकरूपमा अगाडि बढाउन आवश्यक सहजीकरणको खाँचो छ ।'

कुनै समय नेपालको जलपर्यटनमा स्वर्णिम युग थियो । यस क्षेत्रका जानकारहरू त्यो युग सन् १९९० को दशकलाई मान्ने गर्छन् तर सुदूरपश्चिमलाई त्यसले छोएन । यहाँ सम्भावनाका कुरा भए तर त्यसअनुसार काम भएनन् । विगत नौ वर्षदेखि कर्णाली (बाजुरा) खण्डमा र्‍याफ्टिङ सञ्चालन गरिरहेका व्यवसायी भण्डारी भन्छन्, 'पूर्वमा निजी संघसंस्था, सरकारका सम्बद्ध निकाले हल्लाखल्ला गरे, लगानी बढाए, पूर्वाधारको विकास गरे त्यहाँ पर्यटन क्षेत्र फस्टायो तर हामीलाई भूगोल र पूर्वाधारले नै ठग्यो । अब त त्यो अवस्था छैन । पर्यटकहरूले हेर्न चाहने ग्रामीण जीवन, विकासको अवस्था, फरक रहनसहन, धार्मिक आस्था, प्राकृति विशिष्ट भूवनोट रहेको सुदूरपश्चिमको विकासका लागि अब सरकारले गन्तव्य सुदूरपश्चिमको संकल्पसहित यहाँ केन्द्रित हुन आवश्यक छ ।'

## बिच्किँदै पर्यटक, पलायन हुँदै व्यवसायी

सन् १९७५ लाई आधार मान्ने हो भने नेपालमा जलयात्राको व्यावसायिक सुरुआत भएको पाँच दशक भयो । साना र ठूला गरी देशमा छ हजारभन्दा बढी नदी छन्, तीमध्ये सरकारले १८ वटा नदीलाई जलयात्राका लागि औपचारिकरूपमा खुला गरेको छ । अन्तिमपटक २०५९ पुस १२ गते तत्कालीन मन्त्रिपरिषद्ले निर्णय गर्दासम्म १८ नदी खुला गरिएको भनिए पनि हाल देशका अन्य विभिन्न नदीमा औपचारिक र अनौपचारिक रूपमा जलयात्रा भइरहेका छन् । विशेषगरी त्रिशूली, कालिगण्डकी माथिल्लो खण्ड, कालिगण्डकी तल्लोखण्ड, सेती खोला, मर्स्याङ्दी, बूढीगण्डकी, सुनकोसी, सुनकोसी माथिल्लोखण्ड, भोटेकोसी, बलेफी, तल्लो अरुण, तमोर, दूधकोसी, कर्णाली, महाकाली, सेती कर्णाली, भेरी र बबै जलयात्राका लागि प्रसिद्ध छन् ।

उच्च हिमशृंखलाबाट निश्रृत नदी अटुटरूपमा पाखा, पखेरा, हिमचुचुरालाई चुम्दै बग्ने भएकाले पनि यी मनमोहक नदीहरूमा जलयात्रा गर्न स्वदेशी तथा विदेशीहरू लालायित हुन्छन् । यसर्थ नेपाल विश्वका साहसिक पर्यटकको एक आकर्षक गन्तव्य हो । 'उच्च हिमशृंखलाबाट बग्ने कञ्चन र निश्चल नदीहरूमा साहसिक कार्य, मनोरञ्जन र शारीरिक फिटनेसका लागिमात्रै होइन यहाँको प्राकृतिक भूवनोट, भिन्न जनसांख्यिक उपस्थिति, अद्वितीय प्राकृतिक सुन्दरता, अनकन्टार गाउँबस्ती, सांस्कृतिक धरोहर र जंगली जनावर, वनस्पति र जैविक विविधता देख्न पनि जलयात्राले अवसर प्रदान गर्छ । त्यसैले नेपाल विश्वका साहसिक जलयात्रीको रोजाइमा पर्छ,' नाराका निवर्तमान अध्यक्ष अधिकारी भन्छन् ।

एकै यात्रामा हिमाल, पहाड र तराईको अनुपम दृश्यावलोकन गर्ने सौभाग्य संसारका अन्य देशमा विरलै देख्न पाइने भएकाले पनि नेपाल जलयात्राको प्रमुख आकर्षक गन्तव्यका रूपमा रहेको व्यवसायी गंगाप्रसाद नेपालको भनाइ छ । यति महत्त्वपूर्ण क्षेत्र पछिल्लो समय राज्यको नीतिकै कारण समस्यामा परेको व्यवसायीको गुनासो छ । नदी तथा खोलालाई 'डम्पिङ साइट' बनाउने, हाइड्रो पावरको नाममा अन्य पक्षलाई ख्यालै नगरी डयाम बाँधेर खोला सुकाउने, डाँडा खनेर नदीको प्राकृतिक बहावलाई छेक्नेगरी बाढीपहिरो जानेजस्ता समस्याले यो क्षेत्र संकटमा पर्दै गएको व्यवसायी निमबहादुर मगरको भनाइ छ ।

'सरकारको नीति नै प्रस्ट भएन । एकातिर धेरै खोलाहरू हाइड्रोका नाममा जलयात्रा प्रतिकूल बन्दै छन् । हुँदाहुँदा सरकारले अन्नपूर्ण बेसक्याम्प नजिकैको नदीमा हाइड्रो बनाउँदै छ । हाईडयामकै कारण विश्वप्रसिद्ध भोटेकोसी, मर्स्याङ्दी, कालिगण्डकीको जल पर्यटन खुम्चिनेमात्रै होइन, मासिने अवस्थामा पुगेको छ । दूरगामी सोचका साथ काम नहुँदा पानीको बहाव छेकिएको छ । प्राकृतिक बहावका लागि छोड्नुपर्ने ३० प्रतिशत पानी पनि छोडिँदैन । बाढीपहिरो, भूक्षयले खोलाको अवस्था तहसनहस हुँदै छ । यसले जलयात्रा जोखिममा छ । पर्यटक बिच्किँदै गएका छन्,' उनले भने ।

यसका अतिरिक्त संघ, प्रदेश र पालिकापिच्छे कर तिनुपर्ने तर राज्यका तर्फबाट सहुलियतका लागि ठोस पहल नहुँदा व्यवसायीहरू पलायन हुने स्थितिमा पुगेका नाराका पूर्वअध्यक्ष मगरको भनाइ छ । 'सुनकोसीको दोलालघाटदेखि चतरासम्म एउटा पर्यटकले २५/३० हजार रूपैयाँ तिर्नुपर्छ । यसले पर्यटकहरू फर्केर आउँदैनन् । अर्कोतर्फ यो व्यवसायी धेरै महँगोमा पर्छ । एउटा डुंगालाई नै १३ लाख रूपैयाँभन्दा बढी तिर्नुपर्छ तर सहुलियत छैन । मर्मतको त्यस्तै समस्या छ । यसकारण व्यवसायीहरू पलायन हुने अवस्थामा छन् । कुनै बेला १३० भन्दा बढी व्यवसायी थिए, अहिले घटेर ७५ जति मात्रै छन्, तीमध्ये सबै क्रियाशील हुने अवस्था पनि छैन ।'

यस्तै भनाइ छ व्यवसायी मेघ मगरको । एकातिर खोलाको प्राकृतिक अवस्था बिग्रिँदै गएको र अर्कोतिर यस क्षेत्रको विकास, प्रवर्द्धन र नियमनका लागि राज्यले उचित ध्यान नदिँदा व्यवसायीको लगानी नै जोखिममा रहेको उनको भनाइ छ । 'सन् १९९० को दशकमा नेपालमा र्‍याफ्टिङ गर्ने विदेशी पर्यटकको संख्या राम्रो थियो । एकप्रकारले त्यो समय स्वर्णीम युग नै थियो तर द्वन्द्व, भूकम्प, राजनीतिक अस्थिरतालगायत कारणले यो विथोलियो । त्यसपछि लय समात्न सकेन । राज्यले ट्रेकिङ, पर्वतारोहणलाई मात्रै ख्याल गर्‍यो । र्‍याफ्टिङ र रिभर टुरिजममा लगानी भएन, जबकि र्‍याफ्टिङ, कायकिङजस्तो जलपर्यटनमा नेपाल विश्वस्तरीय गन्तव्य हो । अहिले हामी साँच्चै समस्यामा छौं ।'

## जल पर्यटनमा पश्चिम नेपाल

यहाँ कर्णाली, महाकाली, सेती कर्णाली, राप्ति, बबै, ठूलो भेरी, सानो भेरी, भेरी, हुम्ला, मुगु र टिला कर्णाली, बूढीगंगाजस्ता नदीहरू छन् । यी सबै नदीका आ-आफ्नै विशेषता छन् । कोही कायकिङ, कोही फिसिङ, कोही र्‍याफ्टिङका लागि राम्रो छन् । यिनको व्यावसायिक प्रयोगका लागि भने ठोस पहल भएको देखिँदैन । प्राप्त जानकारीअनुसार कर्णालीमा एकदेखि १८ दिन, भेरीमा १० दिन, पश्चिम सेती कर्णालीमा १४ दिन, महाकालीमा पनि एक दिनदेखि छ/सात दिनसम्मको प्याकेज बनाएर जलयात्रा गर्न सकिन्छ तर त्यसको प्रचार हुनसकेको छैन ।

कर्णाली र्‍याफ्टिङ एण्ड एडभेञ्चर प्रालिका सञ्चालक जैशी भन्छन्, 'हालसम्म काठमाडौंमा बसेर केही संस्थाले बनाएका नीतिअनुसार काम भइरहेको छ । कतिपयले त यहाँका १४ दिनसम्म जलयात्रा गर्न सकिने नदीलाई पनि केवल १० मिटरको मात्रै त हो नि भन्ने ढंगले कुरा गरेको सुन्छु । यहाँ आधा दिन, एक दिनदेखि १८ दिनसम्मको जलयात्राको प्याकेज बनाउन सकिन्छ तर हामीले यसको प्रचारप्रसार गर्ने प्लेटफर्म नै पाएनौं ।'

पश्चिम नेपालमा हाल चार/पाँच वटा संस्थामात्रै इजाजत प्राप्त रहेको बताइन्छ । ती पनि सबै क्रियाशील छैनन् तर इजाजत नपाएका कम्पनीहरूले पनि आफूखुसी नदीमा प्रवेश गर्ने अवस्था छ । 'हामीले करोडौं लगानी गरेर यस क्षेत्रमा काम गरिरहेका छौं । एउटै बोटको १३ लाख रूपैयाँभन्दा बढी पर्छ । सबै ठाउँमा मर्मत केन्द्र छैन । राज्यले सहुलियत र प्रोत्साहन गर्दैन,' जैशीले भने, 'त्यसैमाथि इजाजत नपाएका कम्पनी, व्यक्ति, स्वदेशी तथा विदेशीलेसमेत विनारोकतोक र्‍याफ्टिङ चलाउन जाने अवस्था छ । कुन नदीको कुन रुटमा सञ्चालन गर्ने वा नगर्ने भन्ने नियम नै छैन । भएको नियमको पनि नियमन गर्ने निकाय नहुँदा व्यवसायी मारमा परेका छौं ।'

व्यवसायी भण्डारी पनि अब विगतको नीतिलाई सुधार गर्दै पश्चिम नेपालको पर्यटन सम्भावनालाई साकार गर्न राज्य र निजी क्षेत्र मिलेर अगाडि बढे जलपर्यटनको माध्यमबाट देशको मुहार फेर्न सकिने दाबी गर्छन् । 'सुदूरपश्चिमलाई दूरीले टाढा छ भनेर उपेक्षा गरियो । यहाँ लक्षित पर्यटन टुर प्याकेज कहिल्यै बनेनन् । अहिले तीन तहका सरकार छन् तर पनि अवस्था फेरिएको छैन । अब सम्भावनाको अन्त्य होइन, सुदूरपश्चिमबाट नयाँ आशा जगाउन सकिन्छ । खस्किँदै गएको जलपर्यटन र समग्र पर्यटनमा नयाँ लय फर्काउन सकिन्छ,' वलिभ इकोभिलेज होटलका सञ्चालकसमेत रहेका भण्डारी भन्छन्, 'सुदूरपश्चिम पर्यटनका दृष्टिले 'भर्जिन ल्याण्ड' हो । पहिले नजिक र टाढाको भाष्यका कारण ओझेलमा पर्‍यो । अब त धेरै ठाउँमा सडक बनेका छन्, हवाई सुविधा छ । अब नेपालमा सबै बिग्रिँदै छ भनेर होइन सुदूरपश्चिम सम्भावनाको क्षेत्र हो भनेर गन्तव्य सुदूरपश्चिमको भावनासहित अगाडि बढ्न आवश्यक छ ।'

जल पर्यटन विशुद्ध नदीको कुरामात्रै होइन त्यससँग कला, संस्कृति, रहनसहन, शिक्षा र समाज, आस्था र सभ्यता पनि जोडिने भएकाले यी हरेक दृष्टिले सुदूरपश्चिम अबको गन्तव्य हुनसक्ने जानकारहरू बताउँछन् । यहाँ परशुरामधाम, उग्रतारा, मेलौली भगवती, शैलेश्वरी, वैद्यनाथधाम, बडिमालीका, कालिकार्जुन, बेहडाबाबा, ब्रह्मदेव, बडिकेदारजस्ता धामिक आस्थाका केन्द्र तथा खप्तड, रामारोशन, टीकापुरपार्क, कर्णाली चिसापानी, सूर्योदय हेर्न मिल्ने राजकाँडा, रामारोशन, झिलमिला ताल, बेदकोट ताल, घोडाघोडी सिमसार क्षेत्र, शुक्लाफाँटा राष्ट्रिय निकुञ्जजस्ता प्राकृतिक क्षेत्र छन् । यही भूगोलभित्र राउटेदेखि खसआर्यका मौलिक परम्परा, भाषा र साहित्य, राना थारुदेखि सौका जातिसम्मका फरक-फरक वेशभूषा, रहनसहन, खानपिन, जीवनशैली पर्यटकका लागि एक 'प्याकेज' हुन सक्छन् ।

भीमदत्त नगरपालिका कञ्चनपुरका प्रमुख पदम बोगटी पूर्वमा त्रिशूली, भोटेकोसीलगायत नदी क्षेत्रको विकासजस्तै सुदूरपश्चिमका कर्णाली र महाकालीको विकासका लागि सबै जुट्नुपर्ने बताउँछन् । 'विसं २०३४/३५ तिरै त्रिशूलीमा 'इन्जोय द बिच' भनेर ठूला अक्षरले लेखिएको मलाई सम्झना छ । त्यो भनेको बालुवाको तप्पडमा गएर आरामले सुत्ने भनेको रहेछ । धेरै वर्षदेखि त्रिशूली रिभर बेसिनलाई त्यसरी प्रयोग गरियो । आज त्रिशूली हेर्नुस् त त्यहाँ वरिपरि होटल र रिसोर्टै रिसोर्ट छन् । त्यो सम्भावना महाकाली र कर्णालीमा पनि छ तर अहिलेसम्म त्यसलाई प्रयोग गर्न सकिएन,' उनले भने, 'यहाँ ठूला पाँचतारे होटल नभए पनि हाम्रा बस्तीहरूलाई होमस्टे बनाएर परम्परागत परिकारहरूको स्वाद दिएर पर्यटक आकर्षित गर्न सकिन्छ ।' *रासस*

## अब यसो गरौं

'हामीलाई जलविद्युत् मात्रै चाहिएको हो कि समृद्धि ? राज्य प्रस्ट हुनुपर्‍यो । समृद्धिको कुराले त निमुखा ग्रामीण जनता, नदी किनारका बस्ती लाभान्वित हुन्छन् तर प्राकृतिक नदी प्रणाली मासिएमा कसैलाई लाभ हुँदैन,' व्यवसायी मेघ आले भन्छन्, 'हाइड्रो नदीको जुनसुकै खण्डमा पनि हुनसक्छ तर र्‍याफ्टिङ सबै ठाउँमा हुँदैन । त्यसैले दुवै कुरालाई सुनिश्चित गर्दै लाभ लिन सकिन्छ । राज्य गम्भीर बनोस् ।' उनी पूर्वका नदीहरूको प्राकृतिक स्वरूप थप नबिगार्न सुदूरपश्चिमका कर्णाली र महाकालीको भरपूर प्रयोग गर्न अब ढिला गर्न नहुने बताउँछन् । कर्णाली अझै पनि विश्वका पाँचवटा प्रमुख नदीभित्र पर्ने र महाकालीको पनि त्यस्तै सम्भावना भएकाले यहाँको प्रचारप्रसार जरूरी रहेको मगरको भनाइ छ ।

नाराका निवर्तमान अध्यक्ष शिव अधिकारी धेरैको चासो अब महाकाली नदीमा भएकाले भारतसँग सहकार्य गरेर त्यसको प्रयोग गर्नुपर्ने र कर्णाली, पश्चिम कर्णाली नदीप्रतिको विश्वव्यापी चासोलाई समयमै सम्बोधन गरेर अगाडि बढ्नुपर्ने बताउँछन् । 'धेरैले भारतले के गर्ला भन्छन्, भारतसँग सहकार्य गर्‍यो भने केही पनि हुँदैन । उनीहरूले त्यही महाकालीमा र्‍याफ्टिङ सञ्चालन गरेर करोडौंको कारोबार गरिरहेका छन्, हामी के गर्छ भनेर चुप लागेर बस्छौं । अब संवाद र सहकार्यको माध्यमबाट अगाडि बढौं, ढिलो नगरौं,' उनले भने ।

व्यवसायी जैशी सरकारले नदीको रुट निर्धारण, प्रवेश र गन्तव्य क्षेत्रमा पूर्वाधार, इजाजतप्राप्त कम्पनीलाई प्रोत्साहन, अवैध नदी प्रवेशमा रोक र प्रचारप्रसारमा सहजीकरण गरेमा धेरै समस्या समाधान हुने बताउँछन् । 'अहिले यहाँका धेरै नदीमा सम्भाव्यता अध्ययन र रुटको आधिकारिक पहिचान नै हुन सकेको छैन । इजाजत प्राप्त कम्पनी पहिचान, प्रोत्साहन, नदीको नियमका लागि कुनै पहल भएको छैन । भारतीय र बेलायतका कम्पनीले उतैबाट र्‍याफ्ट ल्याउने र नदीमा प्रवेश गरी फर्किने, अन्य देशका कम्पनीले पनि आफैंले कायकिङ बोट ल्याएर प्रयोग गर्छन्, जान्छन् । हामी करोडौं लगानी गरेर निरीह जस्तै छौं । यो अवस्था अन्त्य हुनुपर्‍यो,' उनले भने ।

नाराका पूर्वअध्यक्ष नेपाल पनि अब सुदूरपश्चिम गन्तव्यको विकास, प्रवर्द्धन र प्रचार गर्न आवश्यक रहेको बताउँछन् । सुदूरपश्चिम गन्तव्यका लागि केही समयका लागि हवाइ टिकटमा सहुलियतको नीति, विश्वका ठूला मञ्चमा यहाँको प्रचारप्रसार, लगानीका लागि व्यवसायीलाई प्रोत्साहन, सरकार प्राथमिकता, निजी क्षेत्रका व्यावसायिक संस्थाहरू नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा), उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, नेपाल एसोसिएयसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा), होटल संघ नेपाल (हान), ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) लगायतले पनि सुदूरपश्चिमको पर्यटन सम्भावनाको विकासमा थप योगदान गर्नुपर्ने यस क्षेत्रका सरोकारवालाहरूको भनाइ छ ।



**सरस्वतीको मूर्ति बनाउँदै कालिगड** | दाङको घोराही उपमहानगरपालिका–१७ स्थित गैरागाउँमा सृजनशील मूर्ति उद्योगमा सरस्वती पूजाका लागि मूर्ति बनाउँदै कालिगड । *तस्बिरः कुलदीप न्यौपाने/रासस*

# महाभारत जंगलमा लागेको डढेलो हेलिकप्टरको सहयोगमा नियन्त्रण

**काभ्रेपलाञ्चोक (प्रस)–** जिल्लाको दक्षिणी क्षेत्रस्थित महाभारत पर्वतशृंखलाको सामुदायिक वनमा मंगलबार दिउँसोदेखि लागेको आगो नियन्त्रण बाहिर गएपछि शुक्रबार हेलिकप्टरमार्फत निभाउने प्रयास गरिएको छ । गृह मन्त्रालयमार्फत उपलब्ध भएको सिम्रिक एयरको हेलिकप्टरले शुक्रबार बेथानचोक गाउँपालिकाको बस्ती नजिकिएको आगो नियन्त्रण गरेको हो ।

खानीखोला गाउँपालिका-१ स्थित थामलेकडाँडास्थित महाभारत जंगलमा चार दिनअघि आगलागी सुरु भएको थियो । जिल्लास्थित नेपाली सेना, सशस्त्र प्रहरी तथा अन्य सरोकार भएका निकायले जनशक्ति परिचालन गर्दा पनि आगो नियन्त्रणमा ल्याउन नसकेपछि बेथानचोक गाउँपालिकाले मन्त्रालयमार्फत हेलिकप्टर मगाई निभाउने प्रयास गरेको गाउँपालिकाका अध्यक्ष भगवान अधिकारीले बताए ।

हेलिकप्टरबाट गरिएको प्रयासले बस्ती नजिकको आगो निभाउन सकिएको हो । आगलागी बिहीबार साँझसम्ममा बेथानचोक-५, ३, १ र २ को सीमाक्षेत्रमा आइपुगेको थियो । बस्ती नजिकको आगो नियन्त्रणमा आए पनि आगलागी सुरू भएको स्थान र आगो फैलिएका अन्य स्थानमा अझै नियन्त्रण गर्न नसकिएको अधिकारीले जानकारी दिए । उनका अनुसार हेलिकप्टरले शु क्रबार २४ पटकमा उक्त क्षेत्रको आगो नियन्त्रणमा ल्याएको हो । यसअघि जिल्ला प्रहरी कार्यालय धुलिखेलले आगलागी नियन्त्रण भन्दा बाहिर गएको जनाउँदै आएको थियो ।



अध्यक्ष अधिकारीले महाभारतको घना जंगलमा डढेलो लागेकाले यसको नियन्त्रण गर्न कठिनाइ भएकाले मन्त्रालयबाट हेलिकप्टरको सहायता मागिएको बताए । उनका अनुसार २ नं वडास्थित गुवाभञ्ज्याङ पार्कमा निर्माण गरिएको पोखरीबाट पानी बोकेर हेलिकप्टरले महाभारतको सेतीभिर क्षेत्रको जंगलमा लागेको डढेलो निभाएको हो ।

जिल्लास्थित डिभिजन वन कार्यालयका अनुसार १०० हेक्टर क्षेत्रफलमा आगो फैलिएको छ । कार्यालय प्रमुख कृष्णबहादुर थापाले महाभारत सामुदायिक वनको दक्षिण भेगबाट सुरू भएको आगोलागी बिहीबार साँझदेखि उत्तरी भेगतर्फ आइपुगेको जानकारी दिए । उत्तरी भेग अलि चिसो र ओसिलो भएकाले वनमा आगो कम भएको भन्ने घटनास्थलमा रहेका कर्मचारी जानकारी दिएका उनले बताए । 'हुरीबतास चलिरहेकाले आगो फैलनसक्ने जोखिम पनि उत्तिकै देखिन्छ,' उनले भने । उनका अनुसार आगलागीबाट के-कति क्षति भयो भन्नेबारे यकीन गर्न सकिएको छैन ।

जिल्लाको बेचानचोक र महाभारत गाउँपालिकाको सीमास्थित खानीखोला गाउँपालिका-१ थामलेकडाँडामा आगलागीका कारण फैलिएको ओगोले अन्य वन क्षेत्रमासमेत आगलागीको सम्भावित घटना हुनसक्ने भएकाले काभ्रेपलाञ्चोकको पर्यटकीय क्षेत्र नारायणस्थानमा जान बेथानचोक गाउँपालिकाले बिहीबार सूचनामार्फत आन्तरिक तथा बाहय पर्यटक र सर्वसाधारणलाई रोक लगाएको छ ।

डढेलो नियन्त्रण गर्ने उद्देश्यले बिहीबार वन कार्यालयमा बसेको सुरक्षा प्रमुखको बैठकले वैकल्पिक सम्पूर्ण जनशक्ति परिचालन गर्ने निर्णय गरेको थियो । प्रजिअ ढकालका अनुसार बुधबार साँझदेखि स्थानीय सरकार, प्रहरी, नेपाली सेनालगायत स्थानीय आगो नियन्त्रण गर्न लागिरहेका छन् । जिल्लास्थित प्रशासन कार्यालय तथा सुरक्षा निकायको संयुक्त बैठकबाट वन डढेलो नियन्त्रण सामग्री भएसम्म सुरक्षाकर्मीलाई उपलब्ध गराउने, वन कार्यालयको संयोजकत्वमा १३ वटै स्थानीय तह सुरक्षा निकाय, वन उपभोक्ता महासंघसँग समन्वयमा डढेलो लगाउने व्यक्तिको पहिचान गरी कानुनी कारबाही गर्न सबडिभिजन कार्यालय र सुरक्षा निकायलाई निर्देशन दिइएको छ ।

आगलागी भएको स्थानबाट मानवबस्ती करिब चार किलोमिटरको दूरीमा रहेको जनाइएको छ । प्रहरीले भने आगलागीबाट हालसम्म कुनै मानवीय र वन्यजन्तुको क्षति नभएको जनाएको छ ।

# प्रधानसेनापतिबाट पाँचखालको शान्ति तालिम केन्द्र निरीक्षण

**काठमाडौं (प्रस)–** प्रधानसेनापति अशोकराज सिग्देलले पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको शुक्रबार निरीक्षण गरेका छन् । सो क्रममा उनले तालिम केन्द्रलगायत विभिन्न मिसनमा जाने 'युनिट'हरूको वस्तुस्थिति बारेमा जानकारी लिई आवश्यक निर्देशन दिएका छन् ।

उक्त अवसरमा प्रधानसेनापतिले संयुक्त राष्ट्रसंघको आह्वानमा निकट भविष्यमा सेन्ट्रल अफ्रिकन रिपब्लिकस्थित मिसनमा खटिई जाने रिपुमर्दन गण (शान्ति सेना) सातौं डफ्फा र लेबनानस्थित मिसनमा खटिइ जाने सवुज गण ६६औं डफ्फाको पूर्वाभ्यास तालिमलाई सम्बोधन गरेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सेन्ट्रल अफ्रिकन रिपब्लिक मिसनका लागि ६०० जना र लेबनानस्थित मिसनका लागि ८५० जना सकलदर्जाले सो तालिम लिएका छन् ।



### शान्ति सैनिकको अदलीबदली

यसैबीच राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनाका लागि दक्षिण सुडानमा कार्यरत अरिदमन गण (शान्ति सेना) दशौं डफ्फालाई बदली गर्न चण्डीप्रसाद गण ११औं डफ्फाका २१३ जना नेपाली शान्ति सैनिकको पहिलो टोली प्रमुख सेनानी मनोज कार्कीको नेतृत्वमा त्यसतर्फ प्रस्थान गरेको छ ।

सोही मिसनमा आफ्नो कार्यकाल सम्पन्न गरी दशौं डफ्फामा कार्यरत २१२ जना शान्ति सैनिक सेनानी खिमबहादुर अधिकारीको नेतृत्वमा माघ १० गते नै स्वदेश फिर्ता भएका छन् । हाल उक्त मिसनमा नेपाली सेनाबाट सेक्टर कमाण्डर, सैनिक पर्यवेक्षक, स्टाफ अधिकृत र दुईवटा गण तथा एउटा गुल्म गरी कूल एक हजार ७५४ जना शान्ति सैनिक कार्यरत रहेको सेनाले जनाएको छ ।

त्यसैगरी इराकमा तैनाथ गार्ड युनिटलाई बदली गर्न प्रमुख सेनानी हिमालय थापाको नेतृत्वमा २१ जना नेपाली शान्ति सैनिक मिसन इलाकातर्फ प्रस्थान गरेका छन् । यही माघ १० गते उक्त मिसनमा आफ्नो कार्यकाल सम्पन्न गरी २१ जना नेपाली शान्ति सैनिक स्वदेश फिर्ता भएका छन् । हाल उक्त मिसनमा ८८ जना नेपाली शान्ति सैनिक कार्यरत छन् ।

# चिया बेचेरै मासिक ५० हजार आम्दानी

**बेलबारी (मोरङ)–** मोरङ बेलबारी नगरपालिका-९ डाँगीहाट बजारका खवास दम्पतीले चिया बेचेर सोही ठाउँमा एक बिघा खेत जोडेको छ । स्थानीय डाँगीहाट बजारमा २५ वर्षदेखि लगातार चिया बेचिरहेको दम्पतीले सम्पत्ति जोड्दै सन्तानलाई उच्च शिक्षासमेत हासिल गराएको छ ।

चिया बेचेर चार जनाको परिवारको जीविका चलाउँदै आएकी स्वामकुमारी खवासका अनुसार व्यापारको टुंगो त हुँदैन, तर औसतमा दैनिक अढाइदेखि ३०० कप चिया बिक्री हुन्छ । हाल ३० लिटर दूधको चिया बिक्री हुन्छ । सबै खर्च कटाएर मासिक कम्तीमा ५० हजार रूपैयाँ आम्दानी हुन्छ । २५ वर्षअघि पसल सुरू गर्दा दुई रूपैयाँ कपको चिया अहिले मूल्य बढेर २० रूपैयाँ पुगेको छ । त्यसबेला प्रतिलिटर १३ रूपैयाँमा किनेको दूध हाल ८० रूपैयाँ पर्छ, महँगी धेरै बढ्यो ।

स्वामकुमारीले भनिन्, 'त्यस समयमा जमिन सस्तो थियो, त्यही भएर नाफाले अलिअलि गर्दै एक बिघा जमिन जोड्न सफल भयौं । त्यसबेला चिया दुई किसिमको बनाउनुपर्थ्यो, 'लोकल' अनि 'स्पेसल,' लोकलमा पानी मिसाइन्थ्यो भने स्पेसलमा दूधको मात्रको हुन्थ्यो ।' त्यसबेला लोकल चिया प्रतिकप दुई रूपैयाँ र स्पेसल तीन रूपैयाँ थियो । छोराछोरीलाई काखैमा राखेर चिया बेचिन्थ्यो, अहिले उनीहरू जवान भए । यही पसलको कमाइले छोराछोरी दुवैलाई उच्च माध्यमिक तहसम्म पढाएको स्वामकुमारीका श्रीमान् सर्गे खवास बताउँछन् । कुनै पनि व्यवसाय इमान्दारीपूर्वक निरन्तर गरिरहने हो भने एक दिन अवश्य सफलता मिल्ने अनुभव स्वामकुमारीले सुनाइन् । 'त्यसबेला जंगल गएर दाउरा ल्याइन्थ्यो, २०० रूपैयाँमा एक रिक्सा दाउरा आउँथ्यो, अहिले ग्यास चुलोको प्रयोग गर्छौं,' उनी बताउँछिन् ।

स्थानीय नेता, समाजका अगुवा सबै चिया खान आउँछन् । समाजका हरेक सूचना पनि थाहा पाइन्छ । चिया पकाउँदा आम्दानीमात्र होइन, आदत नै बनिसक्यो खवास दम्पतीको । अझै शरीरले साथ दिइन्जेल चिया व्यापार गर्ने उनीहरू बताउँछन् ।

स्थानीय बलिराम राजवंशी ७६ वर्ष पुगिसके । उनी आधा घण्टा हिँड्दै उक्त पसलमा चिया पिउन आउँछन् । 'वर्षौंदेखि उक्त होटलमा चिया खाने बानी परेकाले बूढो भए पनि घरको चियाले धित मर्दैन,' राजवंशी बताउँछन् । बुबाकै पालादेखि डाँगीहाटमा चिया खाइरहेको छु । बुबाको जमानामा भारू पैसा चल्थ्यो, त्यसबेला दुई आना कप चिया रहेको याद छ । बुबासँगै आएर चिया खाने बानी पर्‍यो राजवंशी बताउँछन् । *रासस*

# दुरजङ गुरुङ, जो २४ वर्षदेखि भेँडाबाख्रासँग रमाउँदै छन्

■ जनक श्रेष्ठ

**लमजुङ–** दोर्दी गाउँपालिका-५ सिम्रुङका ५२ वर्षीय दुरजङ गुरुङ विगत २४ वर्षदेखि भेडाबाख्रा चराउँदै श्रीमञ्जाङदेखि ओखरी, साल्मे, सिम्रुङ हुँदै लेपेखर्कसम्म पुग्छन् । फेरि हिउँद लागेपछि लेपेखर्कदेखि सो स्थान हुँदै श्रीमञ्जाङसम्म भेडाको बथानको पछि लाग्दै पुग्छन् । बितेका २४ वर्ष उनलाई २४ दिनजस्तै लाग्छ । भेडाबाख्रालाई आफ्नो सन्तानजत्तिकै माया गर्ने उनलाई भेडाका बथानको पछि लाग्दालाग्दै समय बितेको पत्तै पाएन । भेडाबाख्रा पछि लागेको उनी आजसम्म तीनै भेडाबाख्राको पछिपछि लागिरहेका छन् ।

गोठाला गुरुङ बाबाको मुत्यु, दाइ र ठूलोबाबाहरूले दुःख भयो भनेर गोठ छाडेपछि गुरुङ समुदायको पुर्ख्यौली पेसा धान्न, केही पैसा कमाउन र जीवन धान्ने पेसा बनाउनका लागि वि.सं. २०५७ मा कक्षा १० को टेस्ट फेल भएपछि यही गोठ सम्हाल्दै आएका छन् । उनले सुरुमा आफ्नोसहित २८ जनाको ८०/९० वटा भेडाबाख्रा रहे पनि अहिले संख्या बढाउँदै दूधपोखरी गाउँपालिका-६ जोर्नेको २१ घर र सिम्रुङको गरी ४५ घरका सानाठूला गरेर ८०० भन्दा बढी भेडाबाख्रा रहेका सुनाए । उनलाई तीन जनाले सघाउँदै आएका छन् ।



मान्छेबाहेक चारवटा कुकुरले पनि सुरक्षा दिँदै आएको छ । यतिका भेडाबाख्रा हुनुअघि करिब पाँच वर्षअघि ७०० वटा रहेको र एकै चोटि ३०० वटा भेडाबाख्रा बिक्री गरेको र ४०० संख्याबाट बढ्दै हाल सो संख्यामा पुगेको भेडी गोठाला गुरुङले बताए । उनले भने, 'यस भेडीगोठबाट बर्सेनि १५/१६ लाख बराबरको भेडाबाख्रा बिक्री हुने गरेको छ । भेडा एक वर्षकोलाई १५ हजार, दुई वर्षकोलाई २० हजार तथा तीन वर्षकोलाई ३० हजार रूपैयाँ, यसरी नै बिक्री हुने गरेको बताइएको छ ।

विशेषगरी दसैंतिहार, मंसिर, पुस र फागुन महिनामा भेडाबाख्राको माग हुने गरे पनि विगतको वर्षहरूमा जस्तो अचेल बिक्री कम हुन थालेको छ । पहिला भेडाबाख्रा जताततै थिएनन्, अहिले घरघरमै हुन थालेपछि माग घट्न थालेको भेडीगोठाला गुरुङले दुखेसो गरे । गोठका लागि प्रतिदाताहरूले कम्तीमा एक हजारदेखि माथि दिने गर्ने र अन्नपानी पनि दिने गरेको र सोही भरमा आफूहरूले गुजारा चलाउँदै आएको उनले सुनाए । उनले तीनजना गोठालाहरूलाई वार्षिक एक/एक लाख रूपैयाँ दिने गरेको र आफूले अन्य खर्च गरेर लिने र नरहे नलिने गरेको बताए । भेडी बाख्राले अरूको अन्नबाली खाएमा क्षतिपूर्ति दिने गरेको छ ।

चरन क्षेत्र अभाव, खर्क जानेआउने बाटो समस्या, मौसम परिवर्तनले विभिन्न समस्या हुँदा भेडीगोठ धान्न गाह्रो भएको र दुःख अनगिन्ती रहेको उनले बताए । आफूले पालेको भेडाबाख्रा बिक्री गरेर वार्षिक डेढ लाख रूपैयाँजति आम्दानी हुने गरेको छ, तर बाघ भालुले नोक्सान गर्‍यो भने त्यही पनि नहुने उनको भनाइ छ । उनले यही गोठाला गरेर सो बिक्रीबाट आएको रकमले श्रीमती, दुईवटा छोरी र एक छोराको जीवन चलाउँदै आएका छन् । उनले भने, 'कान्छी छोरीको त विवाह भयो, यतिबेला कान्छी छोरीबाहेक हाम्रो जीवन यसै पैसाबाट दुःखले चलाएको छु, सुखचैनले जीवन चलाउन पाएन । अरू पेसा पनि जानेको छैन, जेजस्तो भए पनि यही पेसा गरिरहेको छु, यसैमा रमाउनुको विकल्प नभएको गोठाला गुरुङले बताए ।

आफ्नो पालासम्म आफूले भेडीगोठ धाने पनि नयाँ पुस्ताले भेडीगोठप्रति बेवास्ता गर्दा भेडीगोठ लोप हुन लाग्यो, चिन्ता लाग्छ, सरकारले नै नयाँ पुस्तालाई प्रोत्साहन गर्दै तालिम दिएर भेडीगोठ जोगाउनुपर्नेमा उनले जोड दिए । उनले भने, 'चैत-वैशाखमा बैंसीमा घाँस सकिन्छ, लेकमा घाँस पलाउँदैन, हिउँ परिरहन्छ, घाँसको समस्या छ ।' खर्कमा एक भारी दाउरा जोहो गर्न पनि एक दिनभरि लाग्ने गरेको छ । सामुदायिक वनमा चराउनका लागि पनि दैनिक पैसा बुझाउनुपर्छ । कुनै पनि सामुदायिक वनमा अनुमतिविना भेडाबाख्रा गएमा क्षतिपूर्ति दिँदै आएको उनको भनाइ छ । लेकको खर्कमा भेडीगोठालाई समस्या नै समस्या भइरहेको हुन्छ । फोन लाग्दैन, फोन लाग्ने ठाउँ खोज्नुपर्छ । सामान्य दुःख बिमार हुँदा जंगलकै जडीबुटी खाएर बस्छौं, तर ठूलो बिरामी भएर वा कुनै घटना घट्दा बेँसीसम्म आउन १० दिन लाग्छ उनले भने ।

यसैबीच, दोर्दी गाउँपालिका पशुपन्छी शाखाका कर्मचारी प्रवीण रेग्मीले १५ लाख रूपैयाँ बजेट रहेकाले सबै भेडीगोठका भेडाबाख्रालाई आन्तरिक परजीवीका औषधि खुवाउने औषधिमा डुबाउनेमात्र गर्दै आएको बताए । भेडीगोठ लोप हुन नदिन र गोठालाहरूका लागि विभिन्न कार्यक्रम गर्दै आए पनि हाल पर्याप्त बजेट नभएकाले सबै समस्याको हल हुन नसके पनि आगामी वर्षहरूमा सम्बोधन गर्दै जाने दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले बताए । *रासस*

## 'नेपाल आर्ट एक्स्पो' सुरू

यहाँ १४ देशका एक सय १९ जना कलाकारले बनाएका कला सिर्जना समावेश गरी बिहीबारदेखि 'नेपाल आर्ट एक्स्पो' सुरू भएको छ । नेपाल कला परिषद् बबरमहलमा आयोजित एक्स्पोका माध्यमबाट विभिन्न देशबीचको कला, संस्कृति आदानप्रदान हुने र कलाकारले सिक्ने अवसर पाउने नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले बताए । एक्स्पो आगामी चार दिनसम्म जारी रहने छ ।



### तेस्रो विराट म्युजिक एण्ड फिल्म अवार्ड

# उत्कृष्ट अभिनेता मुकुन, अभिनेत्रीमा दिया




■ प्रभाव संवाददाता

**काठमाडौं** – नेपाली गीतसंगीत र फिल्म क्षेत्रका कलाकर्मीलाई अवार्ड तथा सम्मान प्रदान गर्ने कार्यक्रम 'विराट म्युजिक एण्ड फिल्म अवार्ड'को तेस्रो संस्करण बिहीबार साँझ आयोजना भयो । कार्यक्रममा संगीतको २४ विधा र फिल्मको ७ विधा गरी जम्मा ३१ विधामा कलाकर्मी तथा उनीहरूको सृजनाले अवार्ड लिए ।

चलचित्र विकास बोर्डको हलमा आयोजित अवार्डमा प्रतिष्ठित गीतकार प्रमोद ढुंगानालाई रु.२५,५५५ नगदसहित दीर्घ साधना सम्मान प्रदान गरियो । सोही कार्यक्रममा पत्रकार सामिप्यराज तिमल्सिनालाई रु.११,१११ नगदसहित पत्रकारिता पुरस्कार प्राप्त गरे । सेलिब्रेटी नेपाल प्रतिष्ठानको आयोजनमा फिल्म र गीतसंगीत समावेश गरेर उत्कृष्टलाई अवार्ड प्रदान गरिएको हो ।

कार्यक्रममा पूर्वभौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला, चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसी, नेपाल चेम्बर अफ कमर्सका निवर्तमान अध्यक्ष राजेन्द्र मल्ल, इन्टरनेसनल मोडल दिपक घिमिरे, निर्देशक घनश्याम लामिछाने, वरिष्ठ पत्रकार तथा गीतकार गोपाल प्रसाद थपलिया, किड्स मोडल अनया शाह, फेशन डिजाइनर विकाश खड्का, गीतकार हरि उप्रेती, समाजसेवी कमल प्रसाद दाहाल, फेशन डिजाइनर पुरन बहादुर कुँवर, गायक रुद्र शेखर शर्मालगायतको उपस्थिति रहेको अवार्डको जुरीमा संगीतकार राजु सिंह, छायाँकार राम केसी, कोरियोग्राफर लिगेश भट्टराई, मोडल उत्साह घिमिरे रहेका थिए ।

# काठमाडौंमा 'नेपालभाषा स्यनामि दबू' गठन



■ प्रभाव संवाददाता

**काठमाडौं**– काठमाडौं महानगरपालिकाका सामुदायिक विद्यालयहरूमा नेपालभाषा विषय पढाइरहेका नेपालभाषा प्रशिक्षण सहायकहरूको संगठन 'नेपालभाषा स्यनामि दबू' गठन भएको छ । नेवाः देय् दबूअन्तर्गत नेपालभाषाका शिक्षकहरूको पेशागत समूहअन्तर्गत रितेश मल्लको अध्यक्षतामा स्यनामि दबूको गठन गरिएको हो ।

काठमाडौंको भानु मा.वि.मा माघ ६ गते आइतबार नेवाः देय् दबूका केन्द्रीय अध्यक्ष पवित्र वज्राचार्यको प्रमुख आतिथ्यमा दबूको गठन गरिएको थियो । नवगठित दबूका उपाध्यक्ष सविना महर्जन, मुख्यसचिव राकेश महर्जन, सचिव सुष्मा डंगोल, मुख्य कोषाध्यक्ष मिला शाक्य र कोषाध्यक्ष अनिल महर्जन रहेका छन् । यसैगरी सदस्यहरूमा राम महर्जन, राजेन्द्र महर्जन, रजनी महर्जन, साजना महर्जन, लसता सिं, उर्मिला महर्जन, अनिता शाक्य, ओमकृष्ण श्रेष्ठ, राजु कपाली, सरिता मालाकार, राजेन्द्रलाल महर्जन र राधेश्याम महर्जन रहेका छन् ।

नयाँ कार्यसमितिका पदाधिकारीहरूलाई नेवाः देय् दबूले एक कार्यक्रमको आयोजना गरी स्वागत एवं शपथ ग्रहण गराउने जनाइएको छ । हालको लागि यस दबूमा काठमाडौं मनपा अन्तर्गत नेपालभाषा प्रशिक्षण सहायकहरू समावेश रहे पनि यसमा ललितपुर, कीर्तिपुर र तोखा नगरपालिकाका नेपालभाषाका शिक्षकहरूलाई पनि समावेश गर्दै नेपालभाषा शिक्षकहरूको संयुक्त संगठनको रूपमा लाने योजना रहेको नवगठित दबूका अध्यक्ष रितेश मल्लले जानकारी दिए ।

प्रमुख अतिथिको आसनबाट बोल्नुहुँदै नेवाः देय् दबूका अध्यक्ष पवित्र वज्राचार्यले नेवाः देय् दबू नेवारहरूको राष्ट्रिय संगठन भएको र यसमा थुप्रै पेशागत समूहहरू आबद्ध रहेकोमा अब नेपालभाषाका शिक्षकहरूको समूह पनि आबद्ध हुनुले हर्षित तुल्याएको जनाए । कार्यक्रममा नेवाः देय् दबूका केन्द्रीय सचिव सत्यनारायण डंगोल, उपत्यका विशेष प्रदेशका अध्यक्ष श्रीकृष्ण महर्जन, काठमाडौं जिल्ला समितिका अध्यक्ष धनबहादुर महर्जन, काठमाडौं जिल्ला समितिका उपाध्यक्ष श्रीजनमान श्रेष्ठ र नेवाः स्यनामि दबूका सचिव वरुणप्रसाद वैद्यलगायतको उपस्थिति थियो ।



### यू-१९ टी-२० महिला विश्वकप

# नेपालद्वारा मलेसिया पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं**– आइसिसी यु-१९ महिला विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत शुक्रबार भएको प्लेअफ खेलमा नेपालले मलेसियालाई पराजित गरेको छ । कप्तान पूजा महतोको उत्कृष्ट खेल प्रदर्शनमा नेपालले मलेसियालाई सात विकेटले हराएको हो । मलेसियाको जोहर क्रिकेट एकेडेमी ओभलमा नेपालले टस जितेर पहिला फिल्डिङ राजेको थियो । मलेसियाले १६ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै ४५ रनको योगफल बनायो । छयालिस रनको सामान्य लक्ष्य नेपालले ११ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो ।



नेपालका लागि कप्तान पूजाले अविजित २३ रनको योगदान दिइन् । उनले ३२ बल खेल्ने क्रममा चार चौका प्रहार गरिन् । यसैगरी, ज्योत्सिन्का मरासिनले सात र सिमाना केसीले अविजित चार रन जोडिन् । बलिङतर्फ मलेसियाका लागि मार्सा क्विस्टिना बिन्टी अब्दुल्लाहले तीन विकेट लिइन् । यसअघि ब्याटिङ गर्ने क्रममा मलेसियाका लागि नुरिमानले सर्वाधिक १५ रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् ।

बलिङतर्फ नेपालका लागि पूजा महतो एक्लैले चार विकेट लिइन् भने रचना चौधरीले तीन विकेट लिइन् । त्यसैगरी, रिया शर्मा र सिमाना केसीले एक एक विकेट लिए । विश्वकपको समूह 'डी' मा रहेको नेपाल यसअघि समूह चरणको तीनवटै खेलमा पराजित भएको थियो । नेपालले स्कटल्यान्ड, अस्ट्रेलिया र बङ्गलादेशसँग हार बेहोरेको थियो । यस्तै समूह 'ए' मा रहेको मलेसिया पनि समूह चरणमा भारत, श्रीलङ्का र वेस्ट इन्डिजसँग पराजित भएको थियो ।

# 'टाइगर कप' भलिबल आजबाट

■ प्रभाव संवाददाता

**कास्की**– पोखरा रङ्गशालामा आज (शनिबार) देखि सुरु हुने पाँचौं संस्करणको 'टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुला क्लब च्याम्पियनसिप' भलिबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको छ ।

पोखरा रङ्गशालास्थित भलिबल कोर्टमा माघ १९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा पुरूषतर्फ छ र महिलातर्फ छ गरी १२ टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको ट्रफी शुक्रबार यहाँ आयोजित एक कार्यक्रमका बीच गण्डकी प्रदेशका युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले अनावरण गरे ।

आयोजक टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण शर्माले प्रतियोगिताको सबै तयारी पूरा भएको जानकारी दिए । उनका अनुसार सहभागी हुने अधिकांश टोली पोखरा आइसकेका छन् । 'सम्पूर्ण तयारी सकिएकाले शनिबार भव्य रूपमा प्रतियोगिता उद्घाटन गर्दैछौं', उनले भने ।

प्रतियोगितामा विदेशी टोलीका रूपमा महिलातर्फ युनाइटेड प्यासन भलिबल क्लब थाइल्याण्ड र पुरूषतर्फ भारतको सुनिल भलिबल क्लब, कुरूक्षेत्रको टिम सहभागी हुनेछन् । पुरूषतर्फ हेल्प नेपाल स्पोर्टस् क्लब, गण्डकी प्रदेश भलिबल सङ्घ, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब र नेपाल एपिएफ क्लबले सहभागिता जनाउने प्रतियोगिता संयोजक रामकृष्ण ज्ञवालीले जानकारी दिए ।

महिलातर्फ सहभागी टोलीमा नेपाल एपिएफ क्लब, टिपटप न्यू डायमन्ड स्पोर्टस् क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब र टाइगर ग्रुप अफ पोखरा नेपाल रहेका छन् । च्याम्पियन टोलीले महिला तथा पुरुषतर्फ समान नगद रु पाँच लाख ८५ हजार पाँच सय ५५ पुरस्कार पाउने ज्ञवालीले उल्लेख गर्नुभयो । उनका अनुसार द्वितीय टोलीले समान रु दुई लाख ८५ हजार पाँच सय ५५ र तृतीय टोलीले रु एक लाख ८५ हजार पाँच सय ५५ ट्रफी र मेडल प्राप्त गर्नेछन् ।

महिला तथा पुरुष दुवैतर्फ सर्वोत्कृष्ट बन्ने खेलाडीले जनही रु २५ हजार सात सय ७७ पाउने छन् भने दुवैतर्फ विधागत उत्कृष्ट ठहरिने खेलाडीलाई जनही रु १० हजार पाँच सय ५५ का दरले पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

### सूर्य नेपाल वेस्टर्न ओपन

# निरज शीर्षस्थानमा कायमै




■ प्रभाव संवाददाता

